


**अन्तरवार्ता** ३

चन्द्र ढकाल
अध्यक्ष, नेपाल केन्द्रीय बचत तथा ऋण सहकारी संघ लि.





७ **नेपालमा कृषि पर्यटन संभावना, अवसर, चुनौति र अवको बाटो**

- बासुदेव नाथ





**आर्थिक विकासको नयाँ खोज-सहकारिता कार्यान्वयन** १३

सूर्य कुमार श्रेष्ठ
पूर्व कर्मचारी, नेपाल सरकार





१७ **सहकारीमा वित्तीय साक्षरता : आजको आवश्यकता**

उद्धव प्रसाद चौलागाई
पूर्व बैंकर, सहकारी विज्ञ तथा प्रशिक्षक


लेखमा प्रस्तुत गरिएका विचार लेखकका निजी विचार हुन -सम्पादक

प्रकाशित सामाग्रीहरूको बारेमा आफ्ना सुझाब र प्रतिक्रिया पठाउनु हुन पाठक वर्गहरूमा अनुरोध गरिन्छ ।

“सहकारीको दिगोपन: स्वनियम र सुशासन”

# सहकारी संवाद

राष्ट्रिय सहकारी विकास बोर्डद्वारा प्रकाशित

# Sahakari Sambad

Published by National Cooperative Development Board

वर्ष ३४ (Year 34) अङ्क ३९ (No. 39) पूर्णाङ्क २५९ २०८० फाल्गुन (Feb.-March 2024)

**सल्लाहकार**
मित्रराज दवाडी

**सम्पादक**
मुकेश कर्ण

**सामग्री संकलन/व्यवस्थापन**
सिद्धि कुमार व्यञ्जनकार
बुद्ध नारायण श्रेष्ठ
कृपा मरासिनी

**प्रकाशक**
राष्ट्रिय सहकारी विकास बोर्ड
पुल्चोक, ललितपुर
फोन ०१-५०१०१३१, ५०१०२३७
इमले :coopsanchar@ncdb.gov.np
वेवसाइट : www.ncdb.gov.np

**डिजाइन / मुद्रण**
नमुना प्रिन्टर्स
कीर्तिपुर-१०, काठमाडौं
ps.namuna@gmail.com
९८४१२३०१०३

## सम्पादकीय

### राष्ट्रिय सहकारी विकास बोर्डको पुनसंरचना गर्नुको आवश्यकता तथा औचित्य

मुलुक संघीय प्रणालीमा गइसकेको हुँदा राज्यको सहकारी क्षेत्र संघीयताको अनुकुल समय सापेक्ष परिवर्तित भएकोले सहकारीको भूमिकालाई पनि सो ही अनुरूपमा लैजानु आवश्यक हुन्छ । देशको विकासलाई अगाडि बढाउन कुल गार्हस्थ उत्पादनमा सहकारी क्षेत्रको योगदान उल्लेखनीय रहेको विषय सबैलाई विदितै छ ।

नेपालमा सहकारी क्षेत्रको महत्वपूर्ण भूमिकालाई नेपालको संविधानमा प्राथमिकतासाथ उल्लेख गरिएको छ । नेपालको आर्थिक र सामाजिक परिवेशमा मुलुकको समष्टिगत विकासका लागि सहकारीलाई एक शसक्त माध्यमको रुपमा लिनुपर्ने हुन्छ । नेपालमा सहकारी क्षेत्रको विकासमा सघाउ पुऱ्याउन आवश्यक कानुनी आधारका लागि सहकारी ऐन, २०७४ र राष्ट्रिय सहकारी विकास बोर्ड ऐन, २०४९ को व्यवस्था गरिएको छ । यसैगरी सहकारी क्षेत्रको विकासमा आवश्यक नियमनकारी तथा प्रवर्धनात्मक भूमिका निर्वाह गर्नका लागि सहकारी विभाग र राष्ट्रिय सहकारी विकास बोर्डको भूमिका महत्वपूर्ण रही आएको छ । देश संघीय संरचनामा प्रवेश गरे पश्चात स्थापना भएको भूमि, व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट सहकारी क्षेत्रको विकासका प्रयासमा थप ऊर्जा मिलेको छ । हालका वर्षमा विभिन्न स्तरका सहकारी संघ संस्थाहरुको उल्लेख्य वृद्धि हुनाले विषयगत तथा अन्य आधारमा सहकारी क्षेत्रलाई अघि बढाउन थप बल मिलेको छ । यसै परिप्रेक्ष्यमा सहकारी क्षेत्रको अध्ययन अनुसन्धान, नीति निर्माण र प्रवर्धनका लागि विशेष ऐन अन्तर्गत स्थापित राष्ट्रिय सहकारी विकास बोर्डको उपयोगिता सम्बन्धमा पुनरावलोकन गरी सोको पुनसंरचनाको आवश्यकता देखिएकोले तत्काल सहकारी क्षेत्रको अधिकार सम्पन्न प्राधिकरणको रूपमा स्थापना गरिनु पर्दछ ।

सहकारी क्षेत्रको विकास तथा विस्तारलाई संघीयता अनुकुल तुल्याउन संघीय स्तरमा संस्थागत सुदृढीकरण एवं पुनसंरचनाको खाँचो देखिन्छ । यसका लागि सरकारी क्षेत्र र निजी क्षेत्रको कार्यक्षेत्रलाई स्पष्ट गरिनु पर्दछ । सहकारी क्षेत्रको नियमन सम्बद्ध सबै कार्यहरूमा सरकारी निकायको संलग्तनता र हुनु पर्नेछ । सहकारी क्षेत्रको प्रवर्धन एवं अनुसन्धान लगायतका कार्यहरूमा भने सरकारी क्षेत्रको अगुवाईमा निजी क्षेत्रसँग सहकार्य गर्नु पर्नेछ । संघीय स्तरमा सहकारी निकायहरूको पुनसंरचनाको खाँचो देखिन्छ ।

जय सहकारी ।।



चन्द्र ढकाल
अध्यक्ष, नेपाल केन्द्रीय बचत तथा ऋण सहकारी संघ लि.

**नेपालको सहकारी अभियानमा खाँसगरी बचत तथा ऋण सहकारी कारोबार गर्ने केही सहकारीमा विद्यमान अवस्थामा तरलताको समस्या देखापरेका छ । जसले गर्दा सहकारी संस्था संचालन, व्यवस्थापन र सेवा प्रवाहमा समस्या परिरहेको छ । सहकारी अभियानलाई जोखिम मुक्त बनाउनका लागि र सम्पूर्ण साकोस अभियानको छबी संरक्षण गर्ने हेतुले बचत तथा ऋण सहकारी संस्थासम्बन्धी स्थिरीकरण कोषको स्थापना भई हाल संचालनमा रहेको छ ।**

**यो स्थिरीकरण कोष के हो ? यसको परिकल्पना के हो ?**

सन् १९३० तिर विश्वमा आर्थिक मन्दीले जटिलता पैदा गर्दै जाँदा अव यसबाट कसरी उन्मुक्ति पाउने छलफलमा एउटा विचारमा सहमति भयो । उक्त विचार थियो, एकले अर्कालाई सम्रगतामा सहयोग गर्ने, एक आपसको सहयोगले मन्दीको समस्यालाई न्यूनिकरण गर्दै जान सकिन्छ भन्ने निष्कर्ष समुदायले निकाले । ततपश्चात एकका लागि सवै सवैका लागि एक भन्ने धारणाको अभ्यास भयो ।

स्थिरीकरण कोष सहकारी संस्थाको प्रतिकूल अवस्थाको सुरक्षा कवचको रूपमा व्यवस्था गर्ने हो । यसको आर्दश भनेको सहज हुँदा जम्मा गर्ने अप्ठयारो हुँदा सदुयोग गर्ने नै हो । यसमा आवद्ध संस्थाहरूलाई जोखिम हुँदा निकास दिने नै यसको उदेश्य हो ।

हालसालै हामीले यो कोषको दोस्रो परामर्श बैंठक पनि सम्पन्न गरेका छौ । यो बैंठकमा हामीले दुइवटा कुरालाई फोकस गरे का छौ, कार्यविधिको आधार र स्वीकृत निर्णयको आधारमा अहिले भएका नियम अनुसार योगदान गर्ने विषयमा संशोधन गर्नु पर्ने र बढीभन्दा बढी सहभागि हुने गरी कार्यविधिहरू संशोधन गर्नु पर्न भन्ने कुराको निचोड भएको छ ।

संस्थालाई बलियो बनाउने यसको ध्येय हो । हाम्रा संस्थाहरू बलिया नै हुन । पछिल्ला केही अवस्थाहरूले गर्दा अलि समस्यामा परेका हुन नभए त यस अघि हामी बलिया नै थियौ, पूँजीको निर्माण भएको थियो, बचतको सिर्जना भएको थियो, संस्थाहरू नाफामा नै थिए, सदस्यले आर्थिक लाभ लिएका थिए । हामीले यो कोषलाई जतिखेर परिकल्पना गरेका थियौ, २०७५ को नियमावली आएर २०७६ को कार्यविधि बन्दानै स्वीकृत

# जोखिम मुक्त, दीगो र भरपर्दो साकोस अभियान

भएको भए अहिले देखिएका समस्यालाई व्यवस्थापन गर्न धेरै नै सहज हुने थियो । त्यसैले भोलिको लागि पनि हामीले ठूलो कोष खडा गर्नु पर्छ । यदि यो कोष ठूलो हुँदै गयो भने सरकारले पनि यसमा सहजीकरण गर्न सक्छ र झन हामी बलिया हुँदै जान्छौ ।

हेर्नुस, बचत फिर्ताभन्दा पहिला ऋण असुली हुनु पर्छ । असुली अनिवार्य गर्नुपर्छ । संस्थाबाट लिएको पैसा तिर्नुपर्छ भन्ने कुरा बुझाउन सकेको भए आज यो समस्या आउने थिएन । हामी आफै राज्यलाई बुझाउनु पर्ने कुरा बुझाउन सकेका छैनौ । सहकारी क्षेत्रका देखिएका समस्याबाट निस्कनका लागि सरकार, सहकारी अभियान, केन्द्रिय सहकारी संघहरूले यो विषयलाई प्राथमिकतासाथ छलफल गरिएको अवस्था छ ।

## ऐन, कानुनमा यो कोष स्थापनाको प्रावधान के कस्तो रहेको छ ?

सहकारी ऐन २०४८ मार्फत सहकारी दर्ता व्यापक मात्रामा भयो । यसलाई कुनै तरिकाले नियमन गर्ने, प्रवर्द्धन गर्ने र सहकारीका वास्तविक उदेश्यहरू पुरा गर्ने, सदस्यले सेवा प्राप्त गर्ने जस्ता कुराहरूलाई पहिलो प्राथमिकताको विषय बनाउनु पर्छ भन्ने सन्दर्भ रहयो । २०४८ को ऐनको आधारमा नयाँ सहकारी ऐन २०७४ जारी भयो । यसमा हामीले नेपालको सहकारी क्षेत्रमा पनि स्थिरीकरण कोषको आवश्यकता महसुस गरेर अभ्यास गर्नु पर्छ भनेर सहकारी ऐन २०७४ मा व्यवस्था गरियो । ऐनमा दफा १०६ मा स्थिरीकरण कोषको व्यवस्था रहेको छ । सहकारी नियामवली २०७५ मा स्थिरीकरण कोषको कार्यविधि बनाएर संचालन गर्ने रहेको छ । यो कोषलाई सहकारी क्षेत्रको सुरक्षा कवजको रूपमा व्यवस्था गर्ने सिद्धान्तको रूपमा व्यवस्थापनका लागि मन्त्रिपरिषको बैंठकले स्थिरीकरण कोषका लागि कार्यविधि स्वीकृत गऱ्यो ।

## कोषको संचालन र व्यवस्थापन कसरी भैइरहेको छ?

यसको संचालन तथा व्यवस्थापनमा अध्यक्ष नेफ्स्कूनको अध्यक्ष रहने र यसभित्र समितिमा सहकारी मन्त्रालय, अर्थ मन्त्रालय, राष्ट्र बैंक, राष्ट्रिय सहकारी विकास बोर्ड, राष्ट्रिय सहकारी महासंघ, राष्ट्रिय सहकारी बैंकका प्रतिनिधिहरू रहने व्यवस्था छ । साथै यसमा सदस्य सचिवको रूपमा नेफ्स्कूनको प्रमुख कार्यकारी अधिकृत रहने छ ।

पहिलो कुरामा हामीले यो कोषमा सवैको सहभागिताका लागि के गर्नु पर्छ र सवैले यो कोष हाम्रो सुरक्षाका लागि हो भनेर मनन गर्नु पर्दछ ।

## कोषमा सरकारको योगदान र अभियानको योगदान कसरी हुने व्यवस्था गरिएको छ?

यसमा नेपाल सरकारको पनि योगदान रहने कुरा अनुसार ५ करोडको बजेट छुट्टाएको थियो तर यो रकम विभिन्न




कारणहरूले गर्दा स्थिरीकरण कोषमा आउन सकेन । अन्तराष्ट्रियस्तरमा पनि यस्ता कोष सफल छन । नेपालमा पनि हामीले यसलाई सफल पार्नु पर्छ । यो अहिलेका लागि होइन समस्या पर्दाको लागि हो । हाम्रो नेपालमा ११ हजारमाथि बचत तथा ऋण सहकारीहरू रहेका छन, हामी कल्पाना गरौ न यदि १० हजार संस्थाहरू यसमा आवद्ध भयो भने हामीसँग अरबौको पूँजी निर्माण हुन्छ र यसले सहकारीको सुरक्षाका लागि काम गर्छ । यसमा कसैको प्रत्यक्ष अधिकारी भने हुँदैन की यो पैसा मेरो हो भनेर तर समस्या पर्दा यसले सन्जिवनी बुट्टी जस्तो काम गर्छ, सुरक्षा कवच जस्तो काम गरेर सहजता प्रदान गर्छ । त्यसैले यसलाई बलियो बनाउन सबैले सकारात्मक सोचौ र अघि बढौ भनी आग्रह गर्न चाहान्छु ।

**यो संस्थाको योगदानमा आधारित कोष हो । संस्थाले कसरी, के निर्णय गरेर र कति रकम कोषमा पठाउन सकिने व्यवस्था रहेको छ ?**

संस्थाले सवै कोषहरू कटाएर अन्तिमा बाँकी रहको रकमको ५ प्रतिशत यो कोषमा योगदान गर्न सक्छ । तर यो पनि अलि व्यवहारिक नहुन सक्ला त्यसैले यसमा पनि परिमार्जन गर्नुपर्ने आवश्यकता महसुश भएको छ ।

**यो कोषमा कति संस्था आवद्ध भएका छन ? त्यसबाट कति पूँजीको निर्माण भएको छ?**

अहिले यो कोषमा लगभग ३०० वटा सहकारी संस्थाहरू आवद्ध भएका छन भने करिव २० करोडको योगदान कोषको खातामा रहेको छ ।

**अहिलेसम्म कति संस्थाले लाभ लिन सफल भएका छन? यस कोषबाट लाभ लिन संस्थाले के कस्ता प्रक्रियाहरू अपनाउनु पर्छ ?**

यो दुईवर्ष हामीले चार वटा संस्थाहरूलाई छ महिनाको लागि अभ्यासको रूपमा काम गर्‍यौ । उहाँहरूमा धेरै समस्या त थिएन, थोरै तरलताको समस्यामा सापटी लानु भयो प्रयोग गर्नु भयो र फिर्ता पनि गरि सक्नु भयो ।

**कोषमा संस्थाको सहभागिता किन महत्पूर्ण हुन्छ ? सहभागिता जनाएका संस्थालाई के फाइदा हुन्छ ।**

संस्थालाई बचत फिर्ता गर्ने विषय गाह्रो भयो । यदि त्यो संस्था स्थिरीकरण कोषमा आवद्ध छ र योगदान गरेको छ भने यो कोषबाट समस्या समाधानका लागि सापटी पाउने भयो । अवस्था सामान्य भएपछि फेरि त्यो सापटी रकम कोषमा फिर्ता गर्नुपर्छ र त्यसैगरी अन्यका लागि यसरी नै

यो कोषले काम गर्ने भयो । यसले संस्थामा तरलताको समस्या हुँदाका बखतमा औषधीसरह काम गर्ने गर्दछ । यो सापटी लिदा संस्थाले व्याज तिर्नु पर्दैन । संस्थाले आफ्नो योगदानको आधारमा संस्थाको आवश्यकता हेरेर यस कोषको समितिले दायित्व नरहने गरी रकम स्वीकृत गर्दछ र संस्थाको आवश्यकता पुरा भएपछि पुन कोषमा रकम फिर्ता आउँछ ।

हामीले सहकारी क्षेत्रमा यस्तो खालको कोषको परिकल्पना गर्नु पर्छ की जहाँ सवैको योगदान होस र जसलाई बढि आवश्यकता छ त्यसलाई त्यसले सहजीकरण गरोस । भोलि गएर धेरै राम्रो कोष भयो भने तरलताका समस्याबाट उन्मुक्ति भयौ भने, यसले संस्थाको व्याजदर कम गर्न पनि मदत होला । यो राम्रो भयो भने सवैलाई राम्रो होला भनेर विश्वास गरौ ।

**नयाँ संस्था आवद्ध हुनका लागि के के प्रक्रिया अपनाउनु पर्छ ? यसमा केही मापदण्डहरू, प्रावधानहरू छन कि ?**

संस्था स्वस्थ्य हुनु पर्‍यो । अनिवार्य रूपमा संस्था स्वस्थ्य भएको प्रमाण पेश गर्नु पर्‍यो । कम्तिमा दुईवर्षसम्म संस्थामा समस्या नभएको र कोषमा आवद्ध हुन इच्छुक हुनु पर्‍यो । शुरूमा अनिवार्य रूपमा दर्ता भई संचालनमा रहको, समयमा साधारण सभा सम्पन्न गरेको, आर्थिक रूपमा वलिया भएका संस्थाहरू आवद्ध हुने भनिए तापनि अहिले केही परिमार्जन गरेर अगाडि बढनु पर्ने आवश्यकता रहेको छ ।

**यस्ता कोषको अन्तराष्ट्रिय अभ्यासहरूबारे जानकार हुनुहुन्छ ?**

अन्तराष्ट्रिस्तरमा त यस्ता कोषले धेरै नै संस्थाहरूलाई सहयोग गरिरहेको छन । कोरिया, क्यानडा, अमेरिका जस्ता सहकारीमार्फत समृद्धि प्राप्त गरेका जुन अन्तराष्ट्रिय क्षेत्रहरू वा देशहरू छन, तिनीहरूले सहकारीलाई संरक्षण र परिचालन गरेर जनताको समुदायको विकासमा लागि परेका छन ।

**सम्पूर्ण साकोस अभियानको छविलाई विश्वासिलो पार्दै उच्च राख्न नेफ्स्कूनको अवको पहलकदमी के हुने ?**

मेरो विनम्र आग्रह के छ भने अहिलो समस्याका विषयमा हामी अद्यावधि भएका छौ र अझै हुनुपर्ने कुराहरूमा अद्यावधिक हुन्छौ र जस्तोसुकै परिस्थितिमा पनि नेफस्कूनसँग भएको सम्पति यहाँहरूको प्रवर्द्धन र हितका लागि खर्च गर्न हामी सधै तयार छौ किन भने तपाईहरूले गर्दा नै नेफस्कूनमा स्रोत र साधनको विकास भएको हो । संस्थाहरूको विश्वास, भरोसा र साझे दारिले गर्दा नै हामी सफल छौ । यो आर्थिक वर्षभित्र हाम्रा रणनितिहरू तयार गरेर अर्को वर्षदेखि नै प्रारम्भिक संस्था, विषयगत संघ, प्रदेश संघहरूसँगको मोडालिटिमा हामी एक आवाज भएर एक पंक्तिमा यात्रा गर्छौ । यहाँहरू भनेको हामी हो, हामी यहाँहरूको लागि हो भन्ने बुझाई सवैले बुझिदिनुहुन आग्रह गर्न चाहान्छु ।

धन्यवाद ।



# नेपालमा कृषि पर्यटन संभावना, अवसर, चुनौति र अबको बाटो



- बासुदेव नाथ

कृषि भन्नाले कृत्रिम तरिकाले बाली तथा पशुजन्य उत्पादन गर्नुलाई जनाउदछ । कृषि विज्ञान हो । यसलाई वैज्ञानिक तवरले सञ्चालन गर्नु पर्दछ । पर्यटन भन्नाले फुर्सदको समयमा आफ्नो स्थायी बाँसस्थान भन्दा बाहिरको भौगोलिक स्थानीय साँस्कृतिक वातावरणमा कुनै आय आर्जनका क्रियाकलाप विना केही समय खर्च गर्ने कार्यक्रमसंग सम्बन्धित प्रकृयाको समग्रतालाई जनाउदछ । कृषि पर्यटन भन्नाले कुनै पर्यटन जसले ग्रामिण क्षेत्रमा प्रमुख रूपमा प्राकृतिक दिगो र जैविक कृषिमा आधारित भई ग्रामिण जीवन कला साँस्कृति तथा सम्पदाहरूको प्रवर्द्धधन मार्फत स्थानीय समुदायलाई आर्थिक एवं सामाजिक रूपमा लाभ प्रदान गर्दछ ।

नेपाल कृषि प्रधान देश हुनुले यहाँका ६२ प्रतिशत परिवार तथा ५०.४ प्रतिशत जनसंख्या कृषि पेशामा आश्रित रहेका छन । मुलुकको कुल ग्राह्वस्थ उत्पादनमा करिब २४.१ प्रतिशत योगदान रहेको छ । कृषि पर्यटन उद्योग नेपालको राजस्वको मुख्य स्रोत हो । मनोरञ्जन, धार्मिक, पदयात्रा, साहसिक यात्रा र मानसिक मोक्ष जस्ता विभिन्न प्रकारका पर्यटकहरू नेपालमा वार्षिक रूपमा आउने गर्दछन् । कृषि पर्यटन समग्र पर्यटनको महत्वपूर्ण क्षेत्र हो । नेपालमा विगत केही वर्षदेखि कृषि पर्यटन बिकसित हुँदै आएको छ। कृषि पर्यटनको अवधारणा इटालीमा ई.स. १९७० को दशकको अन्ततिर शुरू भएको भएतापनि नेपालमा कृषि पर्यटनको इतिहासको बारेमा कुनै आधिकारिक अभिलेख छैन । फार्म भित्र र वरपर भएका कुनैपनि गतिविधि जस्तै ध्यान, योग, मनोरन्जन, शैक्षिक ज्ञान, खेतीपातीको गतिविधिहरू हेर्ने,



गाईवस्तु पालन, ऐतिहासिक र सांस्कृतिक बिधिद्वारा फसल कार्य, नयाँ बिरूवाको बिजारोपण, अर्गानिक मल उत्पादन गर्ने, बिरूवाहरूको हेरचाह गर्ने वा कुनै पनि प्रकृतिमा आधारित गतिविधिहरू र आकर्षणहरू कृषि पर्यटनका अपरिहार्य पक्षहरू हुन् । कृषि पर्यटन ब्यबसायीहरूले पर्यटकहरूलाई स्थानीय रूपमा उब्जिएको खाद्य वस्तुहरूको उत्पादन र प्रशोधनको प्रकिया प्रतक्ष्य प्रस्तुत गर्नका निमित्त फार्म भ्रमण पनिप्रदान गर्दछन् । यसका साथै किसानहरूले पर्यटकलाई फार्म वा वरपरको परिसरमै घरबासको अवसर प्रदान गरी फार्म गतिविधिहरू र खाद्य प्रणाली समबन्धी आधारभूत जानकारी दिने गर्दछन् ।

नेपाल जैविक विविधतामा धनी मुलुकको रूपमा चिनन्छ । नेपालले विश्वको कुल क्षेत्रफलको ०.०३ प्रतिशत र एशिया महादेशको कुल क्षेत्रफलको ०.३ प्रतिशत भू-भाग ओगटेको छ । घरपालुवा पशुपन्छीहरूमा २५ थरिका जात रहेका छन । जस्तैः गाई ७ किसिम, भैंसी ३ किसिम, भेडा ४ किसिम, बाखा ४ किसिम, बंगुर ३ किसिम, कुखुरा ३ किसिम र घोडा १ किसिम रहेका छन् । नेपालका प्रमुख रैथाने बालीहरूमा छिर्केमिर्के सिमी, मिठे र तितेफापर, भागो, नेपाले भट्ट, सेतो भट्ट, मार्सीधान, पोखरेली जेठो बुढो, घैयाधान, जोरायल बासमती, दर्माली, गुडुरा, गौरिया, फुला उठ्ने साना दान भएको मकै पर्दछन ।

नेपालमा विभिन्न रैथानेबालीमा कोदो, फापर, चिनो, कागुनो, उवा, जौ, लट्टे लगायतका बालीहरू रहेका छन । कोदो जन्य बालीहरूमा खास गरी कोदो, चिनो, कागुनो, घोगे वा बाजरा, जुनेलो, सामा, धानकोदो आदि अन्नबालीहरूको साथै थुप्रै घाँसेवालीहरू पर्दछन ।

**संभावनाः**

- नेपाल पर्यटकीय दृष्टिकोणले अद्धितीय पर्यटकीय क्षेत्रको विद्यमानता हुनु,
- पर्यटकीय क्षेत्रमा पूर्वाधार विकास बढ्दै जानु,
- छिमेकी मूलुक चीन तथा भारतबाट ठूलो संख्यामा पर्यटक आउन सक्ने सम्भावना रहनु,

- पर्यटन क्षेत्रमा निजी लगानीमा बृद्धि हुदै जानु,
- प्राङ्गारिक उत्पादनप्रति उपभोक्ताहरूको आकर्षण बढ्नु,
- नेपालमा सबै किसिमको हावापानी पाइने भएकोले सबै किसिमका कृषि उपजहरू उत्पादनको प्रचुर सम्भावना रहनु,
- स्थानीय तहबाट पर्यटकीय प्रवर्द्धनमा जोड दिने सम्भावना रहनु,
- आम नेपालीमा बढ्दो आन्तरिक पर्यटन प्रबृत्ति देखा पर्नु,
- गैर आवसीय नेपालीको सकृयता बढ्दै जानु,
- पर्यटन क्षेत्रको विकास र विस्तारको लागि विभिन्न देशसंग समझदारी पत्रमा हस्ताक्षर हुनु,
- सामाजिक सांस्कृतिक सम्पदाको प्रचुरता रहनु,
- साहसिक पर्यटनको अत्यधिक सम्भावना हुनु,
- विदेशी पर्यटकहरूले नेपालप्रति देखाएको मायार विश्वास बढ्दै जानु,
- अन्तर्राष्ट्रिय संस्थाहरूद्वारा विश्वमा भ्रमण गर्नैपर्ने स्थानहरूको सूचीमा नेपालका पर्यटकीय गन्तव्य समावेश हुनु ।

**अवसरः**

- सबै किसिमको हावापानीमा उत्पादन हुने कृषि जन्य उत्पादन गर्न सकिने,
- कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्वमा उल्ले ख्य मात्रामा वृद्धि गरी आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्न सकिने,
- ग्रामिण क्षेत्रमा होम स्टेको व्यवस्थामा वृद्धि हुदै गएको,
- प्राङ्गारिक खेती प्रवर्द्धन गरी उच्च मूल्यका खाद्य वस्तुहरूको उत्पादन तथा उपलब्धता हुन सक्ने,
- कृषि तथा पशुजन्य पदार्थको उत्पादनको उचित मूल्यमा बिक्री गरी आर्थिक वृद्धि गर्न सकिने,
- कृषि पर्यटन व्यवसायको लागि जनशक्ति तयार हुने,
- कृषि पर्यटन प्रवर्द्धन क्षेत्रमा लागेका लगानी कर्ताहरूलाई आकर्षण गर्ने उचित वातावरण तयार हुने,
- आन्तरिक र बाह्य पर्यटकहरूलाई टुर प्याकेज बनाई लागु गर्ने अवसर हुने,
- कृषि पर्यटन व्यवसायी संघ संस्था व्यक्ति सञ्जाल निर्माण विकास र विस्तार हुने,
- परम्परागत कृषि प्रविधिको संरक्षण सम्बर्द्धन र विकास गर्न सकिने,
- कृषि सम्बन्धी अध्ययन अनुसन्धान र विकासबाट ज्ञान र सेवा प्रवाह गरी आर्थिक लाभ लिन सकिने,
- कृषि क्षेत्रमा दिन प्रतिदिन नयाँनयाँ प्रविधिको विकास भई रहेको,
- कृषिको व्यवसायिकरण, आधुनिकीकरण, यान्त्रिकीकरण, विविधिकरण, औद्योगिकरण हुदै जानु,
- विदेशबाट फर्केर आएका युवाहरूको पहिलो रोजाई कृषि क्षेत्र हुनु,
- कृषि पेश सबै किसिमको जनशक्तिले गर्न सक्ने,
- कृषिमा सरकारले लगानी बढाउनु तथा अनुदानका कार्यक्रम सञ्चालन गर्नु,
- अधिकाँश जनता कृषिमा निर्भर हुनु ।

**चुनौतिः**

- भौगोलिक विकटताले गर्दा पूर्वाधार विकासमा कठिनाई हुनु,
- कृषि पर्यटनमा व्यवसायिहरूलाई आवद्ध गर्न कठिनाई,
- कृषि पेशालाई व्यवस्थित र मर्यादित बनाउन कठिनाई,
- कृषि पेशालाई अन्य पेशाहरूसंग प्रतिस्पर्धी बनाउन कठिनाई,
- कृषि पर्यटन क्षेत्रको संस्थागत क्षमता कमजोर हुनु,
- कृषि वातावरण संरक्षण बारे जनचेतना कमजोर हुनु,
- कृषि पर्यटनको लागि पर्याप्त दक्ष जनशक्तिको कमी,
- कृषि पर्यटनको लागि उपयुक्त कृषि कार्यक्रम पहिचान हुन नसक्नु,
- कृषि पर्यटनको लागि गन्तव्य स्थल निर्धारण हुन नसक्नु,
- कृषि पर्यटनको यथोचित प्रवर्द्धन हुन नसक्नु,
- प्राचिन सम्पदाहरूको अतिक्रमण रोक्न,
- पर्यटकीय सूचनाको व्यवस्थापन गर्न,
- नियमित, सुरक्षित र भरपर्दो यातायात (हवाई, स्थलमार्ग) सेवा उपलब्ध गराउन,
- पर्यटन क्षेत्रबाट प्राप्त लाभको न्यायोचित वितरण गर्न,
- पूर्वाधार विकासमा लगानी बृद्धि गर्न,
- पर्यटकीय सेवा तथा गन्तव्यको विविधिकरण गर्न,
- सेवा सुविधामा गुणात्मक बृद्धि गर्न,
- प्रतिष्पर्धात्मक क्षमता अभिबृद्धि गर्न,
- पर्यटकको बसाईसंगै खर्चमा बृद्धि गर्न,
- सूचना प्रविधिको प्रयोग बढाउन,
- मौलिक कला संस्कृतिको संरक्षण र विकास गर्न,
- पर्यटकीय शिक्षा र चेतना अभिबृद्धि गर्न,
- व्यवसायिक, दक्ष जनशक्ति विकास गर्न,
- पर्यटन क्षेत्रको राष्ट्रिय अर्थतन्त्रमा योगदानको यकीन गर्न,
- सम्भावना र अवसरलाई आय आर्जनमा रूपान्तरण गर्न ।

**अवको बाटोः**

- कृषि पर्यटन प्रवर्द्धनकोलागि अल्पकालीन मध्यकालीन र दीर्घकालीन योजना तर्जुमा गर्नुपर्ने,
- कृषि पर्यटन प्रवर्द्धन नीति तथा ऐन कानून तर्जुमा कार्यान्वयन गर्नुपर्ने,
- स्थानीय विद्यालय देखि विश्व विद्यालयको पाठ् यक्रममा कृषि पर्यटन प्रवर्द्धन पाठ्यक्रम तयार गरी जनशक्ति तयार गर्नुपर्ने,
- कृषि पर्यटनको आधारभूत मापदण्ड तयार गरी लागु गर्नुपर्ने,
- कृषि पर्यटनलाई अध्ययन तथा अनुसन्धानसंग जोड्नु पर्ने,

- हरेक सरकारी कार्यालय र विद्यालयमा अनिवार्य रूपमा कृषि पर्यटन इकाई रहने व्यवस्था मिलाउनु पर्ने,
- कृषि पर्यटनको बारेमा व्यापक प्रचार प्रसार गर्नुपर्ने,
- कृषि पर्यटकीय स्थलहरूमा पर्यटन सूचना केन्द्रहरू स्थापना गर्नुपर्ने,
- नेपाल पर्यटन वोर्ड र जिल्ला पर्यटन विकास समिति लगायत अन्य सरोकारवालाहरूसंग समन्वय र सहकार्य गरी कार्यक्रम तर्जुमा गर्नुपर्ने,
- नेपालको संघीय संरचना अनुरूप कृषि पर्यटन प्रवर्द्धनका लागि नयाँ संरचनाहरूको निर्माण गर्ने,
- पूर्वाधारमा लगानी बृद्धि गर्नुपर्ने,
- पर्यटन विविधिकरण तथा गुणस्तरमा बृद्धि, परम्परागत मौलिक संस्कृतिहरूको संरक्षण र प्रवर्द्धन गर्नुपर्ने,
- व्यवसायिक, दक्ष जनशक्ति विकास गर्नुपर्ने,
- गन्तव्यहरूको पहिचान, प्रवर्द्धन तथा बजारिकरणमा जोड दिदैं जानु पर्ने,
- पर्यटकीय सुरक्षा, सेवा सुविधाको गुणात्मक सुधार गर्दै जानु पर्ने,
- प्रदेश, स्थानीय तह अनुसारको प्रोफाइल तयार गर्नुपर्ने,
- कुटनीतिक नियोग तथा गैर आवासीय नेपाली संघको परिचालन गर्नुपर्ने,
- पर्यटन उद्योग संचालन सम्वन्धी व्यवसायिक आचार संहिता निर्माण र कार्यान्वयन गर्नुपर्ने,
- आन्तरिक पर्यटन प्रवर्द्धन अभियान संचालन गर्नुपर्ने,
- पर्यटन विविधीकरण तथा गुणस्तरमा बृद्धि गर्नुपर्ने,
- नेपाल पर्यटन गुणस्तर प्रमाणिकरण प्रदान गर्ने पद्धतीको विकास गर्नुपर्ने,
- होटल आवासको गुणस्तर मापदण्ड मूल्यांकन प्रणालीको विकास र विस्तार गर्नुपर्ने,
- गन्तव्यहरूको पहिचान, प्रवर्द्धन तथा वजारिकरण गर्नुपर्ने,
- राष्ट्रिय गौरवका आयोजनाहरू (विमानस्थल, द्रुत मार्ग आदि) को समयमै निर्माण सम्पन्न गर्नुपर्ने,
- पूर्वाधारमा लगानी बृद्धि गर्नुपर्ने,
- वातावरणीय दीगोपनामा जोड दिनुपर्ने,
- परम्परागत मौलिक संस्कृतिहरूको संरक्षण र प्रवर्द्धन गर्नुपर्ने,
- आवश्यकता अनुसार नेपालको पर्यटन व्राण्ड तथा सह व्राण्डको विकास गर्नुपर्ने,
- कृषि पर्यटन मेला तथा महोत्सवहरूको अन्तराष्ट्रिय स्तरमा सहभागिता बढाउनु पर्ने,
- पदयात्रा तथा पर्वतारोहणका क्रममा आइपर्ने जोखिम व्यवस्थापनको लागि संयन्त्र निर्माण गर्नुपर्ने,
- पर्यटन क्षेत्रमा सामुदायिक सहभागिता सुनिश्चित गर्नुपर्ने,
- पर्यटनमा महिला सहभागिता सुनिश्चित गर्नुपर्ने,
- व्यवसायिक, दक्ष जनशक्ति विकास गर्नुपर्ने,
- कृषि पर्यटनको लागि मौलिक उत्पादनहरू बढाउनु पर्ने ।

## नेपालमा पर्यटकहरूको लागि आकर्षकका केन्द्रहरूः

### १. हिमाल



नेपालमा आठ हजार मीटरभन्दा अग्ला ८ वटा हिमाल रहेका छन् । जस्तैः

| सि.नं. | हिमालको नाम | उचाई (मि.) | रहेको जिल्ला | कैफियत |
|---|---|---|---|---|
| १ | सगरमाथा (Mount Everest) | ८८४८.८६ | सोलुखुम्बु | विश्वको सबै भन्दा अग्लो हिमाल |
| २ | कञ्चनजंघा (Kanchanjangha) | ८५८६ | ताप्लेजुङ | विश्वको सबैभन्दा अग्लो तेस्रो हिमाल |
| ३ | ल्होत्से (Lhotse) | ८५१६ | सोलुखुम्बु | विश्वको सबैभन्दा अग्लो चौथो हिमाल |
| ४ | मकालु (Makalu) | ८४६२ | संखुवासभा | विश्वको सबैभन्दा अग्लो पाँचौ हिमाल |
| ५ | चोयु (Chooyu) | ८२०१ | सोलुखुम्बु | विश्वको सबै भन्दा अग्लो छैठौं हिमाल |
| ६ | धवलागिरि (Dhaulagiri) | ८१६७ | म्याग्दी | विश्वको सबैभन्दा अग्लो सातौं हिमाल |
| ७ | मनास्लु (Manaslu) | ८०१६ | गोरखा | विश्वको सबैभन्दा अग्लो आठौं हिमाल |
| ८ | अन्नपूर्ण (Annapurna ) | ८०९१ | कास्की | विश्वको सबै भन्दा अग्लो दशौं हिमाल |

### २. तालहरू



| क्र.सं. | तालको नाम | ताल रकेको जिल्ला | तालको | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | लम्बाई (कि.मी.) | चौडाई (कि.मी.) | गहिराई (मी.) | |
| १ | रारा ताल | मुगु | ५.२ | २.४ | १६७ | नेपालको सबैभन्दा ठूलो ताल |
| २ | फोक्शुण्डो ताल | डोल्पा | ४.८ | १.६ | ६५० | नेपालको सबैभन्दा गहिरो ताल |
| ३ | तिलिचो ताल | मनाङ्ग | ४.० | १.२ | – | संसारको सबैभन्दा अग्लो स्थान समु› सतहदेखि ४९१९ मिटर उचाईमा रहेको ताल |
| ४ | फेवा ताल | कास्की | ४.८ | – | – | ३ वर्ग किलोमिटर क्षेत्रफलमा कही फुकेको र कही सुकेको ताल |
| ५ | रूपा ताल | कास्की | – | – | ४.५ | १२० हेक्टर क्षेत्रफल ओगटेको |
| ६ | इन्द्रसरोवर ताल | मकपानपुर | ७.० | – | – | नेपालको सबैभन्दा ठुलो मानव निर्मित ताल |
| ७ | गोसाईकुण्ड ताल | रसुवा | – | – | – | जनैपूर्णिमामा ठुलो मेला लाग्ने समु› सतहदेखि ४३८० मिटर |
| ८ | वेगनास ताल | कास्की | – | – | ७.५ | २२५ हेक्टर क्षेत्रफल फैलिएका |
| ९ | जखेरा ताल | कपिलवस्तु | – | – | – | २२५हेक्टर क्षेत्रफल फैलिएको ताल यहाँ प्रतिवर्ष साइवेरियाका १२ प्रकारका चराहरू ६महिनासम्म बसोबास गरी फुल पारी बच्चा हुर्काई पुनः साइवे रिया फर्कन्छन । |

### ३. नदीहरू



नेपालमा साना ठूला गरी करिब ६,००० भन्दा बढी नदीनालाहरू रहेका छन् । जसको कूल लम्बाई ४५,००० कि.मी. भन्दा बढी हुन आउँछ । ठूलो जलभण्डारका अतिरिक्त हिमालय प्रदेशदे खि निरन्तर वहने नदीहरूको वहाव क्षमताका कारण देशमा ८३,००० मेघावाट भन्दा बढी जलविद्युत क्षमता रहेको र आर्थिक तथा प्राविधिक दृष्टिले समेत ४२००० मेघावाट जल बिद्युत निकाल्न सकिने सम्भावना रहेको छ ।

नदीको किनारमा अवस्थित शहरहरू र नदीका नाम निम्न अनुसार रहेका छन् । जस्तैः काठमाडौं- बागमती नदी, पोखरा- सेतीनदी, कुस्मा- मोदी नदी, गमगढी- मुगु कर्णाली नदी, बराह क्षेत्र- कोशी नदी, जुम्ला- तिला नदी, जुम्ली खलंगा सानी भेरी, तुम्लिङटार /दिङला-अरूण नदी, तौलिहवा- वाण गंगा, धनगढी- मोहना नदी, धनुषा- हर्दिनाथ नदी, पनौती- पद्मावती /लिलावती नदी, पुतली बजार- आँधिखोला, दमौली- मादी नदी, जोमसोम- कालीगण्डकी नदी, मन्थली- तामाकोशी, बुटवल- तिनाउ नदी, महेन्द्रनगर- महाकाली नदी, विराटनगर- बक्राहा नदी, दुनै- ठूली भेरी, बेशीसहर- मर्स्याग्दी, नारायणघाट- नारायणी नदी, बाग्लुङ- कालीगण्डकी नदी ।

### ४. धार्मीक स्थलहरू

**१. पशुपातिनाथ मन्दिर :**

काठमाडौं जिल्लामा रहेको ऐतिहासिक धार्मिक एवं पर्यटकीय दृष्टिले महत्वपूर्ण स्थल हो ।यो मन्दिर बागमती नदीको किनारमा रहेको छ । यो मन्दिर विश्व सम्पदा क्षेत्रमा सूचीकृत गरिएको छ । पशुपति नाथको मन्दिर जीवन्त सम्पदाको रूपमा रहेको छ । प्रत्येक वर्ष फागुन कृष्णपक्ष चतुर्दशीका दिन शिवरात्री पर्व मनाइन्छ । यो मन्दिर पैगोडा शैलीमा निर्माण गरिएको छ । यसका चार ढोका चाँदीका र मुख्य मन्दिरको गजुर सुनको रहेको छ । पशुपति नाथ खासमा भगवान शिवको नाम हो ।नेपालको सबै भन्दा पुरानो मन्दिर गोपालराज वंशावली अनुसार लिच्छवी राजा सुपुष्प देवले निर्माण गरेका थिए ।



**२. गोसाईकुण्डः**
बागमती प्रदेशको रसुवा जिल्लामा समुन्द्र सतहदेखि ४३६० मिटरको उचाईमा रहेको छ । जनै पूर्णिमामा ठुलो मेला लाग्दछ ।यहाँ नौ वटा कुण्डहरू रहेका छन् । भगवान शिवले त्रिशुल प्रहार गरी निस्केको पानी जम्मा भई कुण्ड निर्माण भएको र यसै कुण्डबाट त्रिशुली नदीको उत्पत्ति भएको हो ।

**३. बराह क्षेत्रः**
सुनसरी जिल्लामा कोशी र कोका नदीको संगमस्थलमा अवस्थित छ । भगवान विष्णुका दश अवतारहरू मध्ये तेस्रो अवतार बराहको उत्पत्ति यही भएको थियो । कोका नदीको संगममा श्राद्ध गर्दा गयाको फाल्गु श्राद्धको फल मिल्ने यहाँ अस्थि विसर्जन गरेमा गंगा नदीमा गरे सरहको फल मिल्ने जनविश्वास रहेको छ । यहा हरेक वर्ष कार्तिक शुक्ल एकादशी, माघे संक्रान्ति, ऋषि पञ्चमी, फागुपूर्णिमा लगायत अन्य एकादशीहरूमा मेला लाग्दछ ।

**४. पाथीभरा देवीको मन्दिरः**
समुन्द्र सतहदेखि ३७९४ मिटरको उचाइमा ताप्लेजुङ्ग जिल्लाको पाथीभरा पहाडको शिखरमा अवस्थित छ । पाथीभरालाई देवीको साक्षात रूप मानिन्छ । मनमा पाप भएको र गर्भवती महिलाले देवीको दर्शन गरेमा अनिष्ट हुने जनविश्वास रहेको छ । ताप्लेजुङ जिल्लाको सदरमुकाम देखि १० कोश पूर्व उत्तरमा रहेको छ ।

**५. राम मन्दिर :**
धनुषा जिल्लाको जनकपुरधाममा जानकी मन्दिरपछिको अर्को महत्वपूर्ण मन्दिर हो । सरदार अमर सिंह थापाले बि.सं. १८३९ मा प्यागोडा शैलीमा जानकी मन्दिर नजिकै राम सिता लक्ष्मण सहितको विशाल राम मन्दिर बनाएका थिए । राम नवमीका दिन यहाँ ठुलो मेला लाग्दछ ।

**६. चाँगुनारायणः**
भक्तपुर जिल्लाको पूर्व उत्तर तिर डोलागिरि नामक अग्लो पहाडको थुम्कोमा अवस्थित भगवानको मूर्ति स्थापित नेपालका प्राचिन मन्दिर मध्ये एक मानिन्छ । उपत्यकामा रहेका चार नारायणहरू (चाँगुनारायण, शेषनारायण, विशंखुनारायण र इचंगुनारायण) को स्थापना गर्ने क्रममा चाँगुनारायणको स्थापन भएको मानिन्छ ।

**७. बौद्धनाथः**
काठमाडौं शहरको केन्द्रबाट ७ किमी पूर्व उत्तरमा अवस्थित भगवान बुद्धको ठुलो स्तुपलाई बौद्धनाथ भनिन्छ । पाँचौं शतब्दिमा लिच्छवी राजा मानदेवले निर्माण गरेको यो मठ प्राचिन विशाल स्तुपहरू मध्ये एक मानिन्छ । हिन्दु र बौद्ध धर्मालम्बीहरू दर्शन गर्ने भएकोले धार्मिक सहिष्णुताको प्रतिक मानिन्छ । यसलाई विश्व सम्पदा सूचीमा सूचिकृत गरिएको छ ।

**८. मुक्तिनाथः**
मुस्ताङ जिल्लाको हिमाली भु भागमा रहेको छ । हिन्दुहरूको पवित्र धार्मिक स्थलको रूपमा रहेको छ । यहाँ असंख्य भक्तजनहरू दर्शन गर्न आउने गर्दछन् ।

नेपालको राजधानी सहर काठमाडौं विश्वमा मन्दिरको सहरको नामले परिचित रहेको छ साथै मुलुक भित्र सात प्रदेश अन्तर्गत सतहत्तर जिल्लामा कयौं प्रसिद्ध धार्मिक मठ मन्दिरहरू रहेका छन् ।

**५. एक गाउँ एक उत्पादन कार्यक्रम सञ्चालन जिल्ला :**

| क्र.सं. | कृषि पर्यटन / कृषि उत्पादन | जिल्ला |
|---|---|---|
| १ | ग्रामीण कृषि पर्यटन | लम्जुङ्ग |
| २ | कृषि पर्यटन | कास्की, गोरखा, ईलाम |
| ३ | डेरी | काभ्रे, रूपन्देही |
| ४ | रेम्बो ट्राउट माछा | रसुवा, नुवाकोट |
| ५ | माछा | धनुषा |
| ६ | माछाको दाना | नुवाकोट |
| ७ | बाख्रापालन | उदयपुर, दाङ, तेह्रथुम, धनकुटा |
| ८ | बास्मति चामल | चितवन |
| ९ | जोराईलो | डोटी |
| १० | चामल प्रशोधन | कैलाली |
| ११ | मुसुरो दाल | बाँके |
| १२ | कफि खेती | स्याङ्जा |
| १३ | अर्ग्यानिक कफि | सिन्धुपाल्चोक |
| १४ | बेसार | सुनसरी |
| १५ | अदुवा | पाल्पा |
| १६ | अदुवा प्रशोधन | स्याङ्जा, वालिङ |
| १७ | अकबरे खुर्सानी | पाँचथर |
| १८ | टिमुर | म्याग्दी |
| १९ | अलैंची | ताप्लेजुङ |
| २० | हात्ते कागज | बाग्लुङ्ग |
| २१ | लोक्ता | दोलखा |
| २२ | जैतुन खेति | बाजुरा |
| २३ | सुन्तला | भोजपुर |
| २४ | जुनार | रामेछाप,सिन्धुली |
| २५ | आँप | सप्तरी |
| २६ | किवी खेती | ईलाम, मकवानपुर |
| २७ | बेल | बर्दिया |
| २८ | लप्सी | भोजपुर, पर्वत |
| २९ | सुपारी | झापा |
| ३० | अर्किड फुल | ललितपुर |

**६. निष्कर्षः**
नेपाल सरकारले पर्यटन पूर्वाधार, पर्यटन प्रवर्द्धन, र पर्यटकीय गतिविधिहरूको विविधिकरण तथा विस्तार गर्ने नीति अवलम्वन गरेको छ । यहाँको अनुपम प्राकृतिक

सौन्दर्य, प्रचुर जैविक विविधता, बहुजातीय, बहुभाषीय, बहुधर्म र सामाजिक विविधता एवं ऐतिहासिक तथा साँस्कृतिक सम्पदाले भरिपूर्ण रहेको छ । अर्कोतिर बढ्दो शहरीकरण र भूमिको उच्च मूल्य बृद्धिका कारण प्राचिन सम्पदाहरूको अतिक्रमण बढ्दै जानु, पर्यटकहरूको सुरक्षाको सवालमा कमजोर स्थिति देखिनु, असुरक्षित हवाई यात्राको सूचिमा नेपाल परिरहनु, सेवा भन्दा पनि डलर उन्मुख व्यवसायिक मानसिकताको प्रवृत्ति नेपालको पर्यटन क्षेत्रको विकास र विस्तारका चुनौतीको रूपमा पैदा भैरहेको अवस्था छ ।

नेपालमा रैथाने बालीहरूको खेती गरी विदेशी मुद्रा आर्जन गर्न सकिनै प्रवल संभावना रहेको छ । धेरै जसो ठाउँमा स्थानीय जातका बालीहरू नै उत्पादन हुने गरेपनि पहिलो पटक सन १९६०को दशकमा उन्नत जातको बीउ भित्रिएको अनुमान गरिन्छ । स्थानीय कृषि प्रविधिको प्रयोगले पर्यटकहरूलाई आकर्षण गर्न सक्दछ । पछिल्लो समयमा विदेशी पर्यटक मात्र नभई स्वदेशी आन्तरिक पर्यटकहरूले समेत निकै चाँसो दिएको पाइन्छ । रैथने बालीले हाम्रो परम्परालाई जोगाउन मद्दत गर्दछ । रैथाने बाली हाम्रो पहिचान पनि हो । कोदो, फापर, जुम्ली मार्सीधान, मार्फाको रायो, काठमाडौंको लप्सी, झापाको बासमतीले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ख्याति कमाई सकेको छ । कतिपय बालीहरू लोपोन्मुख भई सकेकाले तिनलाई संरक्षण गर्न आवश्यक छ । रैथाने बाली तथा पशुपन्छी एवै मत्स्यपालनको माध्यमबाट खाद्य पोषण, खाद्य सुरक्षा तथा खाद्य सन्तुलनमा समेत टेवा पुऱ्याउन सक्दछ।

टिकापुरको केराका परिकारहरू, दक्षिणकालीको खुवा, साँगाको लप्सीको माडा, भक्तपुरको जुजु धौ, धरान, झापा, स्याङ्जा, कास्कीको बंगुर, पहाडी र हिमाली जिल्लाका सुन्तला र स्याउ, थकाली भान्छा, नेवारी खाजा, लगायत कृषि क्षेत्रका नयाँ उत्पादनले पर्यटकहरूलाई आकर्षित गर्न सक्दछ । यहाँका रैथाने परिकारहरूको प्रवर्द्धनको साथै जातिय भेषभुषा, परम्परा, कला, संस्कार, संस्कृतिर सत्कार सहितको होम स्टेहरू सञ्चालन गरी कृषि पर्यटन प्रवर्द्धन गर्न सकिन्छ ।

नेपाल संघीय ढाँचामा प्रवेश भैसकेको परिप्रेक्ष्यमा समग्र नेपाल र प्रादेशिक तहसम्मको पर्यटन प्रवर्द्धनका लागि नयाँ संरचनाहरूको निर्माण गर्ने, नयाँ परिस्थिति र अन्तर्राष्ट्रिय परिवेश अनुकूल हुने गरी नयाँ पर्यटन नीति बनाई लागू गर्ने, भरपर्दो हवाई सेवाको सुनिश्चितता गर्ने, पूर्वाधारमा लगानी बृद्धि गर्ने, पर्यटन विविधिकरण तथा गुणस्तरमा बृद्धि, परम्परागत मौलिक संस्कृतिहरूको संरक्षण र प्रवर्द्धन गर्ने, व्यवसायिक, दक्ष जनशक्ति विकास गर्ने, नयाँनयाँ गन्तव्यहरूको पहिचान, प्रवर्द्धन तथा बजारिकरणमा जोड दिदैं जानु आजको टड्कारो आवश्यकता हो । अवसर र सम्भावनाहरूको भरपुर उपयोग गर्न सकेमा नेपालको कृषि पर्यटन क्षेत्रबाट राष्ट्रिय अर्थतन्त्रमा उल्लेख्य योगदान पुऱ्याउन सक्ने देखिन्छ । यसका लागि पर्यटकीय सुरक्षा, सेवा सुविधाको गुणात्मक सुधार अपरिहार्य छ ।

## सन्दर्भ ग्रन्थ


ढकाल, प्रकाश शर्मा (८ चैत्र २०७४ विहिबार ) नेपालमा पर्यटन विकासको सम्भावना र चुनौती प्रशासन डटकम

शर्मा, प्रा. प्रेम (३ माघ २०७६) समृद्धिका लागि नेपालमा कृषि पर्यटन न्यूज अफ नेपाल डटकम

नेपालका महत्वपूर्ण केही धार्मिक स्थानहरू https://chinarinepal.com

जोशी, तोयानाथ(असोज२६,२०७६),नेपालका रैथाने बालीहरू httpsM//beta.gorkhapatraonline.com

शर्मा, प्रा. प्रेम (२१फागुन २०७७) कृषि पर्यटनबाट संभव छ नेपालको रूपान्तरण, httpsM//www.himalkhabar.com

पन्ध्रौ योजना (आ.व.२०७६/७७ –२०८०/८१) राष्ट्रिय योजना आयोग सिंहदरबार, काठमाडौं

नेपालका हिमालहरूको सूची httpsM//ne.wikipedia.org/wiki

नेपालका प्रमुख नदीहरूको सूची httpsM//ne.wikipedia.org/wiki

एक गाउँ एक उत्पादन /uttartamang443.blogspot.com/2017/12/blog–post_24.html




# आर्थिक विकासको नयाँ खोज-सहकारिता कार्यान्वयनमा व्यवहारिक सोच



सूर्य कुमार श्रेष्ठ
पूर्व कर्मचारी, नेपाल सरकार

बढ्दो जनसंख्या, खस्कँदो आय श्रोत र बस्ती विस्तारका बढ्दो क्रमले जग्गा खण्डीकरण भई विभिन्न पेशा गर्ने पेशाकर्मीहरूको पेशामा संकट सिर्जना भएको छ । पेशाको अभावले गर्दा श्रमिकहरूलाई जीवन निर्वाह गर्न समस्या पर्न थाल्यो । बेरोजगार भई जीवन निर्वाह गर्न कठिन समस्या भोग्नु परेका र असमयमा पेशाबाट बञ्चित हुनु परेका र पेशामा आबद्ध हुन पहुँच नपुगेका निम्न आय वर्गका व्यक्तिहरूलाई जीवन निर्वाहका लागि देखा परेका समस्या समाधान गराउन समुदायिक/संयुक्त ब्यवसायमा सामेल गराई ब्यवसायबाट आय आर्जन गराउन सदस्यता देखाउन तत्पर रहनु पर्छ । ब्यवसायबाट आय आर्जनका अवसर पहिल्याई सकेपछि रोजगारका मार्ग पहिचान गराउँदै आर्थिक बिकासका मार्ग पहिल्याउन अपनाईने क्रमलाई आर्थिक विकासको नयाँ खोज–सहकारिता कार्यान्वनमा व्यवहारिक सोच भनिन्छ । सहकारिताको रचनाले वचत गर्ने पद्धति बसाली तत्कालका खनखाँचो टारी भबिष्यमा देखा पर्ने समस्या सुल्झाउन दीर्घकालीन आर्थिक बिकासका आधार तय गर्छ ।

संयुक्त अधिराज्य बेलायतमा १८ औं शताव्दीको उत्तरार्द्ध देखि १९ औं शताव्दीको पूर्वाद्धसम्म औद्योगिक क्रान्तिले उग्र रूप लियो । औद्योगिक क्रान्तिको मारमा परी संयुक्त अधिराज्य बेलायतको उत्तर पश्चिममा पर्ने मेनचेस्टर सिटी अन्तर्गत रोचडेल नगरमा बसोबास गर्ने श्रमिकहरूले रोजगारी गुमाई बेरोजगारी हुनु पर्यो । बेरोजगारी बनेपछि श्रमजीवि श्रमिकहरु चरम गरिबीको रेखामा देखा पर्न थाले । गरिबीको रेखामा पिल्सिन परेको कारणले गर्दा

आय आर्जनका क्षेत्रमा पहुँच पुर्‍याउन नसकेकोले उनीहरूलाई जीवन निर्वाह गर्न धौ-धौ पर्न थाल्यो । यस्तो दयनीय अवस्थाको अन्त्य गरी सुधार ल्याउन सुधारकहरूले सुधारका लागि अपनाउन पर्ने उपाय खोज्न अत्यावश्यक देखियो । मानवले मानवको घृणा गर्ने संस्कारको विकास भएकाले त्यसलाई सुधार गरी समताको रूपमा समाजमा स्थापित गराउन सुधारकहरूले श्रमिकहरूको आर्थिक विकास गराउने नबिन अवधारणा प्रकट गराउन तत्परता देखाउन थाले । सो क्रममा श्रमिकहरूको सहभागिताबाट श्रमिकहरूको सहयोग गर्न श्रमिकहरूले स्वाबलम्बी भावनाले एक–अर्का बीच पारस्परिक सहयोग गर्न समुदाय निर्माण गर्ने र समुदायका सदस्यहरूबाट सहकारिता कार्यान्वयन गराउन पर्ने ठहर गरे । सहकारिता थालनी गर्न श्रमिकहरूलाई एक जुट गराउन विचार बिमर्श गर्न लगाउन लेख रचनाको माध्यमले प्रचार प्रसार गराई जागरक गराउन पर्ने तथ्यलाई वास्तविकतामा दर्शाउन सही मार्ग औंल्याउन उचित ठाने । सहकारितालाई कार्यरूप दिन श्रमिकहरूलाई समेटी समुदाय बनाउने र सामुदायिक हितका लागि सहकार्यको प्रारम्भ गराई निरन्तरता दिनु पर्ने अडान राखे । जसलाई ब्यवहार उपयोगी तुल्याउन श्रमिकहरू बीच सहकारिता कायम गर्न सम्बन्ध राख्न लगाउने र सहकारिताको माध्यमले समान/साझा/संयुक्त/सामुदायिक/सामुहिक/साझेदारी ब्यवसाय गराउन आधुनिक सहकारी अवधारणाको आवश्यकता रहेको ज्वलन्त दृष्टि पुष्टी गरे ।

आधुनिक सहकारीलाई ब्यवहारमा कार्यान्वयन गरी सफल तुल्याउन श्रमिकहरूलाई एवम् निम्न आय वर्गका नागरिकहरूलाई समुदायमा आबद्ध गराई सहकारी पद्धतिको शुरूवात गराउन पत्रपत्रिकामा सहकारीको प्रारम्भिक प्रयोग विकासका चरण सहकारीप्रति आकर्षण र आवद्धता बारे प्रचार प्रसार गर्न थाले । निरन्तर रूपमा सहकारिताबारे प्रचार प्रसारको क्रम जारी गरेपनि यसले ब्यवहारिक रूपमा कार्य सम्पादन प्रक्रियामा गई कार्यान्यन गर्ने क्रममा



अपनाउनु पर्ने विधिको चरणलाई ब्यवहारिक स्वरुप खुलाउन सकेको थिएन । कामको अभावले गरिबी र गरिबीको मारले जीवन निर्वाह गर्न मुस्किल पर्न थालेकोले रोचडेलहरूले समान पेशा अपनाउने श्रमिक/ब्यक्तिलाई समेटी साझा ब्यवसायमा संलग्न गराउन २१ डिसेम्बर, १८४४ ई. सं. मा रोचडेलहरूले रोचडेल सोसाईटी अफ ईक्वीटेवल पायोनियर्स संस्था मार्फत उपभोक्ता भन्दा संचालन गरी सहकारी आन्दोलनको प्रादुर्भाव गराउन आधुनिक सहकारिताको सुरुवात गरेका थिए भने नेपालमा वि.सं.२०१३/१२/२० मा बखानपुर सहकारी ऋण समिति दर्ता गरी सरकारी स्तरबाट आधुनिक सहकारिता प्रारम्भ गरी कार्यान्वयन गरिएको थियो । सहकारी कानूनलाई औपचारिकता प्रदान गरी सहकारीतालाई वैधानिकता दिन वि.स. २०१६/०३/१५ मा सहकारी ऐन, २०१६ प्रकाशन गरी कार्यान्वयनमा ल्याईएको थियो । सरकारी प्रयासबाट सुरुवात गरिएको सहकारीतालाई वि.स.२०४९/०२/०२ मा सहकारी ऐन, २०४८ प्रकाशन गरी सामुदायीक रुपमा जनसहभागीता जुटाई संचालन गराउने वातावरण सिर्जना गरेको छ । वि. स. २०७४/०७/०१ मा सहकारी ऐन, २०७४ प्रकाशन गरी संघ, प्रदेश र स्थानीय तहले सहकारी ऐन र नियमावली प्रकाशन गरी सहकारिताको प्रवर्द्धन र विकास गर्न सकारात्मक कदम चालेको आभाष हुन्छ ।

सहकारिता कार्यान्वयन गर्न लोकतान्त्रिक विधि अपनाई सदस्यको सक्रिय सहभागितामा संचालन गरि मूर्तरूप प्रदान गर्नुपर्ने भएकोले सहकारितामा सदस्यताका सिद्धान्त समान हुनुपर्छ, सदस्यताका सम्बन्धमा बचत तथा ऋण सहकारी संस्थाले बिश्व ऋण परिषदले कार्यान्वयनका क्रममा अपनाउन मार्गदर्शन गराएको बचत तथा ऋण सहकारी संचालनका १० सिद्धान्तलाई मनन गरी संस्थामा खुला र स्वैच्छिक सदस्यताको रूपमा सदस्यता रहने नीति लिएको ब्यवहारबाट देखिएको पाईन्छ भने अन्य प्रकृतिका बिषयगत सहकारी संस्थामा स्वैच्छिक र खुला सदस्य रहने प्रावधान अन्तर्राष्ट्रिय सहकारी महासंघले सहकारी संस्था संचालन गर्न मार्ग दर्शनका निम्ति आह्वान गरेको सहकारी सिद्धान्तको प्रथम सिद्धान्त पालना गरेको पाईन्छ । सहकारी संस्थाको प्रकृति जे-जस्तो भए पनि अन्तर्राष्ट्रिय सहकारी महासंघले प्रतिपादन गरी कार्यान्वयनका लागि मार्ग निर्देश गरि एका सहकारीका सात सिद्धान्तमध्ये पहिलो सिद्धान्त अनुसार स्वैच्छिक तथा खुला सदस्यताको ब्यवस्था पालना गरी/गराई कार्यान्वयन गर्ने ब्यवस्था मिलाउनु पर्छ । सहकारी ऐन र सहकारी नियमावली पनि एकै खालको हुनुपर्छ । सहकारी ऐनमा सहकारी संस्थाको प्रकृति/बिषय उल्लेख हुनुका साथै बचत तथा ऋण परिचालनको व्यवस्था गरिएको हुन्छ । सो अनुसार बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाका साथै अन्य प्रकृतिका सहकारी संस्थाले बचत तथा ऋण परिचालन निर्देशिका तयार गरि कार्यान्वयन गर्नुपर्छ । जसका लागि निश्चित कार्य क्षेत्र निर्धारण गरि निर्धारित कार्य क्षेत्रभित्र स्थायीरुपमा बसोबास गर्ने ब्यक्तिलाई सदस्य बनाई सहकारी संचालन गर्नुपर्छ । सहकारी संचालन गर्नुको मुख्य अभिप्राय सहकारी ब्यवसायलाई ब्यवसायिक तुल्याउँदै सदस्य ब्यवसायी बन्नु हो । अतः सहकारी ब्यवसायका लागि सहकारी संचालनमा सहकारीका बिश्वब्यापी मूल्यहरु जसमा आधार मूल्य-६ र नैतिक मूल्य-४ गरी १० मूल्यहरु र सहकारी सिद्धान्तहरु-७ को पालना गरी सहकारी मान्यता खुलाई ब्यवहारमा सत्य साबित गराउन निम्नानुसार कार्य सम्पादनमा अग्रसर रहनु पर्छ ;-

| क्र.सं | सहकारी मूल्य | सहकारी | सिद्धान्त सहकारी मान्यता |
|---|---|---|---|
| १. | खुलापन (नैतिक मूल्य ) | स्वैच्छिक तथा खुला सदस्यता | ब्यक्ति स्वतन्त्र हुनुपर्छ । |
| २. | समानता, लोकतन्त्र (आधार मूल्य ) | सदस्यद्वारा-लोकतान्त्रिक नियन्त्रण | विधि लोकतान्त्रिक हुनुपर्छ । |
| ३. | समता, स्वावलम्बन (आधार मूल्य ) | सदस्यको आर्थिक सहभागिता | परिश्रम विनाको आर्थिक लाभ शोषण हो । |
| ४. | स्व- उत्तरदायित्व (आधार मूल्य ) | स्वायत्तता र स्वतन्त्रता | विवेकमा अंकुश शोभनीय हुँदैन । |
| ५. | ऐक्यवद्धता (आधार मूल्य ) | शिक्षा, तालिम र सूचना | मिहिनेत नै स्वाभिमानको आधार हो । |
| ६. | ऐक्यवद्धता (आधार मूल्य ) | सहकारी-सहकारीबीच पारस्परिक सहयोग | अर्काको लागि पारिश्रमिकमा परिश्रम गरेर उँभो लागिन्न । |
| ७. | इमान्दारी, सामाजिक उत्तरदायित्व, अरूको हेरचाह (नैतिक मूल्य ) | समुदायप्रतिको चासो/पर्यावरण संर क्षणमा ख्याल | समुदायको सदस्यको नाताले दायित्व स्वतः सिर्जना भै हाल्दछ । |



यस प्रकार  नबिन सोचको रूपमा सहकारी अवधारणालाई ब्यवहार उपयोगी बनाउन सहकारी संस्थाको ब्यवस्थापनमा सहज तुल्याउन सहकारी संस्थाका ब्यवस्थापन पक्षका संचालकहरु जिम्मेवार हुनुपर्दछ भने सदस्यहरूले सक्रिय सहभागिता जनाउन तत्परता देखाउनु पर्छ । जुन परिपाटीले सदस्यहरूले ब्यवसायबाट  उत्पादित वस्तु बिक्री गरी आय आर्जन गरी आर्थिक बिकाश गर्दै जानु पर्दछ । आर्थिक बिकाशकै लागि सहकारी संस्थाले ब्यवसायको क्रममा  सदस्यले ब्यवसायबाट उत्पादन गरेको उत्पादित बस्तु सहकारी संस्थाको नाम, ठेगाना, दर्ता नम्बर, दर्ता मिति र दर्ता गरिएको आर्थिक वर्ष उल्लेख गरि सहकारी ब्राण्डमा ब्रिकी गर्न सकिने गरि सदस्यलाई ब्यवसायिक बनाउनु पर्छ । सदस्य/ब्यवसायीले उत्पादन गरेको उत्पादित बस्तु/सेवा/बजारीकरणको प्रबन्ध गर्न राष्ट्रिय सहकारी महासंघबाट प्रमाण–पत्र लिई स्वदेशमा विद्यामान बजारमा बिक्री गर्न र अन्तर्राष्ट्रिय बजारमा बिक्री गर्न उत्पादनको मूल्य लागत तयार गराउनु पर्छ । सहकारीका सदस्यले उत्पादन गरेको उत्पादित वस्तुको मूल्य स्थानीय उत्पादनको आधारमा मूल्य निर्धारण/मूल्य श्रृंखला कायम/गरि उचित मूल्यमा स्वदेशमा बिक्री गर्न सम्बन्धित सहकारी संस्थाले जिल्ला सहकारी संघमा पठाई जिल्ला सहकारी संघ मार्फत बजारीकरण गराउने र अन्तर्राष्ट्रिय बजारमा बिक्री गर्न/गराउन राष्ट्रिय सहकारी महासंघ मार्फत समन्वय गरि पठाउने अनुरोध गर्ने र सो कार्यका लागि नेपाल सरकारले स्वीकृति दिनुपर्छ । सो प्रक्रियाले सदस्यको हित प्रवर्द्धनमा सहयोग पुऱ्याई सहकारी क्षेत्रको प्रवर्द्धन गर्न आर्थिक विकसमा सघाउ पुर्याउँछ ।  जुन प्रकृयाले सदस्यले उत्पादन गरेको बस्तु बिक्री वितरणका लागि योग्य रहेको भनी प्रमाणित गरेको तथ्य सहितको पद्धति कायम राख्छ । जसले गर्दा सहकारी संस्थाको छाप अंकित वस्तु  स्वदेश र विदेशमा बिक्री गर्न सामानको पहिचान र मूल्य निर्धारण गराई ब्यवसाय  गर्न सक्नु नै सहकारी ब्यवसाय सफलताको प्रमाण दिन समर्थ हुनु हो ।

**राज्यको दायित्वः–**

सहकारी संस्था संचालन गर्न ब्यवस्थापनमा ब्यवहार उपयोगी बनाई सहज तुल्याउन राज्यका तर्फबाट सहकारी ऐन र सहकारी नियमावली प्रकाशन गरि मार्ग दर्शनको रूपमा स्वीकार्न  लगाउनु पर्छ । जसको परिपालना गरि सहकारी संचालन गराउनु पर्छ । सहकारी संचालनको क्रममा सहकारी सम्बन्धि कानूनलाई संशोधन र खारेज गर्ने प्रकृया अपनाउँदै जानु पर्छ ।  सोही क्रममा सहकारी ऐन, २०७४ र सहकारी नियमावली  २०७५ मा पनि संशोधन र खारेज गर्नु पर्ने देखिन्छ । जस अनुसार सहकारी ऐन २०७४, परिच्छेद-१  दफा २ (च) मा बचतको प्रावधान रहेकोले सदस्यलाई संस्थामा बचत गर्न लगाउने र परिच्छेद-१  दफा २ (ध) मा  उल्लेख भएको सहकारीका मूल्यलाई आधार मूल्य र नैतिक मूल्यको रूपमा उल्लेख

गर्नु पर्ने, परिच्छेद-२ दफा १२ को उप दफा ३ खारेज गर्नु पर्ने र सहकारी नियमावली, २०७५ को परिच्छेद-२ नियम ५(१) मा राष्ट्रिय सहकारी बैंक भन्ने उल्लेख हुनुपर्ने । परिच्छेद-७ दफा ५० सदस्य केन्द्रीत भई बचत तथा ऋणको कारोवार गर्नुपर्ने सो को उप दफा २ मा संस्थाको आर्थिक श्रोतको आधार बचत भएकोले सदस्यहरूलाई बचत गर्न लगाई आर्थिक स्थिति मजबुत पार्दै जानु पर्दछ । जसरी शरीरमा रक्त नलीबाट रक्त संचार भएन भने प्राण रहँदैन, त्यसरी नै बचत संकलन भएन भने आर्थिक श्रोतको अभाव भई संस्था टिक्दैन । बचत संकलन र ऋण परिचालन पद्धतिलाई संस्थाको आर्थिक कारोबारको स्वचालित औजारको रूपमा लिइन्छ । संस्थालाई आर्थिक रूपले मजबुत पार्न र सदस्यहरूलाई आर्थिक समृद्ध बनाउन बचत अनिवार्य देखिन्छ । अतः संस्थाले ब्यवसायिक कार्य गर्न आर्थिक श्रोतको रूपमा बचत संकलन गर्ने भएकोले बचत तथा ऋणको कारोबार गर्न पाउने वाक्यांश समाविस्ट गरि उप दफा २ संशोधन गर्ने र दफा ५० (२) हटाउनु पर्ने । ५० (४) मा बचत र ऋणको ब्याजदर बीचको अन्तर ६ % भन्दा बढी हुने छैन भन्ने प्रावधान नै सन्दर्भ ब्याजको आधार मान्नु पर्ने । दफा ५१ सन्दर्भ ब्याजदर तोक्न सक्ने (१) का सन्दर्भमा बैंक तथा वित्तीय संस्था नाफा मूलक ब्यवसायमा उन्मुख रहने र सहकारी संस्था सेवा/वस्तुको प्रबन्ध मिलाउन उन्मुख हुने उद्देश्य राखी सदस्यद्वारा गठन भई सरकारी तवरबाट संचालन अनुमति लिई खोलिएको हुनाले सहकारी संस्थाले बचत तथा ऋण परिचालन निर्देशिका बनाई संस्थामा बचत गर्ने सदस्यलाई बचत रकमको ब्याज दिने र संस्थासँग ऋण लिने सदस्यसँग ऋण लगेको रकमको ब्याज लिई कारोबार गर्ने भएकोले सो दफामा उल्लेखित प्रावधान उपयुक्त नभएकोले ५१ (१), ५१ (२) र ५१ (३)मा पुनर्विचार गरि ऐन संशोधन गर्नु पर्ने । परिच्छेद-८ सहकारी बैंकसम्बन्धी ब्यवस्थामा राष्ट्रिय सहकारी बैंक हुनु पर्ने । परिच्छेद-१४ दफा ८१ कर्जा सूचना केन्द्र, बैंक तथा अन्य वित्तीय संस्थामा कर्जा शब्द प्रयोग गरि आर्थिक कारोबार गर्न पाईन्छ । तर सहकारी संस्थाका हकमा ऋण भन्ने शब्द नै ब्यवहारिक देखिन आउने हुनाले ऋण सूचना केन्द्र राखी ऐन संशोधन गरि तत्काल ऋण सूचना केन्द्र स्थापना गर्नु पर्ने देखिन्छ । दफा ८२ कर्जा असुली न्यायाधिकरण (१) सहकारी क्षेत्रका लागि (१) कर्जा असुली न्यायाधिकरण रहनेछ को सट्टा सहकारी क्षेत्रका लागि (१) उपयुक्त देखिने सहकारी निक्षेप तथा ऋण असुली न्यायाधिकरण रहनेछ भन्ने वाक्यांश राखी ऐन संशोधन गर्नु पर्ने देखिन्छ । संस्थामा सदस्यले समय सिमा तोकी निक्षेप गरेको रकम अपचलन गरी संस्थाले सदस्यलाई निक्षेप फिर्ता नगर्ने र सहकारी संस्थाबाट सदस्यले ऋण लिने र ऋण नतिर्ने परम्परा संस्कारको रूपमा रहने भएकोले सो कृयाकलापलाई निरूत्साहित पार्न सहकारी ऐन, २०७४ ले कर्जा असुली न्यायाधिकरणको ब्यवस्था गरेको सो अनुसार सहकारी नियमावली, २०७५ ले कर्जा असुली न्यायाधिकरणको संरचना तोकेको तथापी हालसम्म पनि सो अनुसारको न्यायाधिकरण गठन हुन नसकी जिल्ला अदालतले नै सहकारीको ऋण सम्बन्धी मुद्दा हेरिरहेको अवस्था भएकोले ऐन, नियमको ब्यवस्था तुरून्त कार्यान्वयन गरी सहकारी क्षेत्रको लागि उपयुक्त न्यायाधिकरण गठन गर्नुपर्ने देखिन्छ । जुन आजको आवश्यकताको रूपमा देखा परेको छ । त्यस्तै ऐनकै परिच्छेद -१७ दफा १०१ सहकारी बचत तथा कर्जा सुरक्षण कोषको सट्टा सहकारी बचत तथा ऋण सुरक्षण कोष राखी ऐन संशोधन गरि कार्य रूप दिनु पर्ने देखिन्छ । सहकारी संचालनमा सहज वातावरण सृजना गर्न सहकारीसम्बन्धी संस्थागत स्मरण राख्ने राज्यको तर्फबाट सहकारी हेर्ने निकायले सहकारीको संस्थागत स्मृतिलाई कायम राख्न र सहकारीको छवि जोगाई संस्थागत गराउन समय समयमा सहकारी ऐन र सहकारी नियमावली संशोधन गरि सहकारी संचालनमा मार्गदर्शन गराउन आदेश र निर्देशन जारी गरि सहज कर्ताको भूमिका निर्वाह गर्नु पर्छ ।

**निष्कर्ष :-**

सहकार्य उच्च वर्ग र मध्यम वर्गको प्रवेश र संलग्नताबाट संचालन भएमा सहकारी संस्थाहरु लक्षित समूहलाई टेवा दिन सफल हुन सक्दैन । सहकार्य सफल पार्न र दीगो रूपमा टिकाई राख्न निम्न वर्गको सकृय सहभागीता अनिवार्य छ । निम्न वर्गका समान पेशा ब्यवसाय गर्ने ब्यक्तिहरूले आर्थिक बिकाशका लागि आत्माको धड्कनबाट धड्काएका ढुकढुकीले ब्यक्त गरेका हृदय विद्यारक पीडा र सो बाट उन्मुक्ति लिन सहकारितामा आवद्ध भई अपनाएको साझा ब्यवसायिक पद्धतिको खोज र संचालन पद्धतिको शुरूवात हो । जुन पद्धतिको संरचना अनुसार ब्यवसाय गरि आर्थिक विकासका क्रमबद्धता सिर्जना गर्नु नै सहकारिताको सोचलाई बढावा दिंदै जानु हो ।

**सन्दर्भ सामग्रीहरु**


१. सहकारिता , २०७३ सहकारी विभाग
२. सहकारी ऐन, २०७४ कानून किताब ब्यवस्था समिति
३. सहकारी नियमावली , २०७५ कानून किताब ब्यवस्था समिति
४. वेब साइटमा प्राप्त सहकारी सम्बन्धी लेखहरु

# सहकारीमा वित्तीय साक्षरता : आजको आवश्यकता



उद्धव प्रसाद चौलागाई
पूर्व बैंकर, सहकारी विज्ञ तथा प्रशिक्षक

मानिस स्वभावैले सामाजिक प्राणी हो र समाजमा उ एक्लै बस्न र बांच्न सक्दैन अझ भनौ भने मानिसहरूवीच एक आपसमा सहयोग र सद्भावको अभावमा उस्को अस्तित्व समेत समाप्त हुन जान्छ । एकका लागि सबै र सबै का लागि एक, थोपा थोपा मिलेर समुन्द्र बन्दछ भन्ने भनाईलाई मनन गर्दै सामाजिक र आर्थिक कृयाकलापहरू संगसंगै हुन थाल्यो अर्थात सहकारी भावनाको प्रष्फुटन हुदै जान लाग्यो ।

आर्थिक कारोबार,आपसी सहयोगको भावना र मान्यतामा बृद्धि र विकास हुदै जान थाल्यो र फलस्वरूप वेलायतको रोचडेल शहरबाट शुरू भएको सहकारी आन्दोलन विश्वका विभिन्न मुलुकहरूमा फैलिन थाल्यो र सहकारी मार्फत क्रमशः सदस्यहरूको आर्थिक सामाजिक र सास्कृतिक रूपान्तरण पनि हुदैं जान थाल्यो ।

सहकारीको परिभाषाः अन्तर्राष्ट्रिय सहकारी महासंघ (ICA) International Cooperative Allience को सन् १९९५ सेप्टेम्बरमा सम्पन्न भएको साधारण सभाले पारित गरेको परिभाषा यस प्रकार रहेकोछ ।

"आफ्ना समान आर्थिक, सामाजिक एवम साँस्कृतिक आवश्यकता र आकांक्षाहरूलाई संयुक्त स्वामित्व र प्रजातान्त्रिक नियन्त्रण रहने संस्था मार्फत परिपूर्ति गर्नका लागि स्वैच्छिक रूपमा एकिकृत भएका व्यक्तिहरूको एक स्वायत्त संस्था नै सहकारी हो ।" यसरी उक्त परिभाषा अनुसार नै विश्वमा सहकारी संस्थाहरू स्थापित र संचालित हुंदै आएका छन ।



नेपालको सहकारी आन्दोलनको इतिहांसलाई सरसर्ती नियालेर हेर्ने हो भने २०१० सालमा सहकारी विभागको स्थापना भयो । २०१३ साल चैत्र २० गते चितवन जिल्लाको वखानपुर भन्ने स्थानमा पूर्व मन्त्री बखान सिंह गुरूत्को नेतृत्वमा प्रथम पटक वखानपुर सहकारी संस्थाको स्थापना भई सहकारी संचालन हुन थाल्यो । त्यसैले चैत्र २० गतेलाई नेपालको सहकारी आन्दोलनको इतिहांसमा विशेष दिनको रूपमा लिइन्छ र प्रत्येक वर्ष चैत्र २० गते राष्ट्रिय सहकारी दिवस मनाउने प्रचलन चलिरहेको छ । यस वर्ष अर्थात ६७ औं राष्ट्रिय सहकारी दिवसको नारा "सहकारीमा सुशासन : प्रविधि र एकिकरण" रहेकोछ । वर्तमान समयमा केही सहकारी संस्थाहरूमा समस्या देखिएको छ । यसको मुल कारण भनेको सहकारीमा सुशासनको अभाव हुनु, प्रविधिको प्रयोग नगरिनु र सहकारी संस्थाहरूको स्थापना र संचालन गर्दा ऐन, नियम र मापदण्ड, नियमनकारी निकायको परिपत्र तथा निर्देशन, संस्थाको विनियम, संचालक समितिको निर्णयको परि पालना नगरिनु तथा सहकारी संस्था एकीकरण सम्वन्धि व्यवस्थालाई अनिवार्य नगराईनु र अझ भनौ भने केही पहुंचवाला व्यक्तिहरूको नीजि कम्पनीको रूपमा सहकारी संस्थाहरू संचालन हुनु जस्ता र अन्य कतिपय कारणहरूले सहकारी प्रति जनमानसमा वितृष्णा फैलिन गई सित्ते सहकारी क्षेत्र कमजोर हुने हो कि भन्ने आशंका पैदा हुन थालेकोछ । नेपालको सहकारी आन्दोलन संग सम्वन्धित क्षेत्रको सर्वोच्च अंग अर्थात राष्ट्रिय सहकारी महासंघ (National Cooperative Federation) ले प्रत्येक वर्ष राष्ट्रिय सहकारी दिवसको पूर्व सन्ध्यामा नारा (Theme) तय गर्ने गरेकोछ र यसरी विगतमा तय गरिएको नारालाई सम्वन्धित सरोकारवाला पक्षले कार्यान्वयन गर्न जति ध्यान दिनु पर्ने थियो त्यति ध्यान दिन सकिरहेको थिएन अझ



भनौ भने । राष्ट्रिय सहकारी दिवसको नारा चैत्र २० गतेका लागि मात्रै हो कि भन्ने भ्रम रहेकोछ । अतः यस वर्षको उक्त नारालाई साच्चै व्यवहारमा उतार्न सम्वद्ध आवद्द सबै पक्षको उत्तिकै भूमिका रहनु पर्दछ ।

वर्तमान समयमा विशेष गरि नेपालको सन्दर्भमा सहकारीलाई बुझ्ने र बुझाउने समस्या रहेको छ, अर्थात सहकारीमा वित्तीय साक्षरताको अभाव रहेको छ । सहकारी संस्थामा कार्यरत संकलक वा बजार प्रतिनिधि साथीहरू अझै सम्म पनि फाईनान्स बाट आएको भन्न छोड्नु भएको छैन । यदा कदा सहकारी किन्ने र बेच्ने जस्ता कुराका साथै यो फलानाको सहकारी, यो चिलानाको सहकारी भन्ने सम्मका गैह्र सहकारी शब्दावली सुन्नमा आउंछन । नेतृत्व तहमा समेत सहकारी सिद्धान्त, मुल्य मान्यता, आदर्शको अभावमा अन्यौलको अवस्था कायमै रहिरहेकोछ । त्यसै गरि सहकारीका सदस्यहरूलाई सहकारी शिक्षाको अभावका कारण बैंक, फाईनान्स कम्पनी र सहकारी वीच फरक छुट्टयाउन गाह्रो परिरहेको वर्तमान सन्दर्भमा यस लेखमा सहकारी सम्वन्धि आधारभूत केही विषयहरू, सहकारी शब्दावली र वित्तीय शब्दावलीका बारेमा संक्षिप्त रूपमा चर्चा गर्ने जमर्को गरेको छु ।

**सहकारीका ७ सिद्धान्तहरू :**

१) खुल्ला तथा स्वेच्छिक सदस्यता : कार्य क्षेत्र भित्र बसोबास गर्ने र सदस्य बन्न योग्यता पुगेका व्यक्तिहरूका लागि सहकारी संस्थाको सदस्यता सदैव खुल्ला रहनेछ भने जातजाति, भाषा, धर्म, संस्कृति, लिङ्ग र बर्णका आधारमा कुनै भेदभाव गर्न पाईने छैन । त्यसरी नै व्यक्ति आफ्नो स्वइच्छाले सदस्य बन्न सक्दछ र स्वेच्छाले सदस्यता त्याग पनि गर्न सक्दछ । अर्थात आउने र जाने दुबै ढोका सधैं खुला रहनेछ ।

२) सदस्यद्वारा प्रजातान्त्रिक (लोकतान्त्रिक) नियन्त्रण : सहकारी संस्था यस्तो संस्था हो जहां प्रजातन्त्र र लोकतन्त्रको उच्चतम प्रयोग र अभ्यास गर्न पाईन्छ । संस्थाको वार्षिक साधारण सभा, बैठक, भेला, विस्तारित मञ्च आदिमा सदस्यहरूले आफ्नो मत प्रकट गरेर लोकतान्त्रीक नियन्त्रण कायम राख्दछन ।

३) सदस्यको आर्थिक सहभागीता : सहकारी संस्था सदस्यको संस्था भएकोले आर्थिक गतिविधिहरू र कृयाकलापहरू पनि सदस्यकै संलग्नता तथा सहभागीतामा मात्रै हुने गर्दछ र हुनु पर्दछ पनि ।

४) स्वायत्तता र स्वतन्त्रता : सहकारी संस्था सहकारी ऐन, प्रचलित ऐन नियम अनुसार स्थापित र संचालित संस्था हो त्यसैले यो स्वायत्त संस्था हो र यसले ऐन, नियम, विनियम, नियमनकारी निकायको निर्देशन र संचालक समितिको निर्णय मुताविक आफ्ना गतिविधि र कृयाकलाप संचालन गर्न स्तन्त्र छ र यो अविछिन्न उत्तराधिकारवाला संस्था हो ।

५) शिक्षा तालिम र सूचना : सहकारी संस्थाका सदस्यहरूलाइ सहकारी शिक्षा र तालिम विना सहकारीको कल्पना हामी गर्नै सक्दैनौ भने सूचना प्रवाह गर्ने र प्रविधिको उच्चतम प्रयोग गरिनु पर्दछ ।

६) सहकारी सहकारी बीच पारस्परिक सहयोग : सहकारी सहकारी विच ठाडो सम्वन्ध(संघ महासंघ) र तेर्सो सम्वन्ध (प्रारम्भीक संस्थाहरू ) विच मैत्रीपूर्ण, स्वस्थ प्रतिष्पर्धी र एवम प्रभावकारी हुनु पर्दछ र सो को प्रभावबाट सिंगो सहकारी क्षेत्रले आशातीत उपलब्धी हासिल गर्न सक्दछ ।

७) समुदाय प्रति चासो : सहकारी संस्था समुदायमा आधारीत भएकोले स्वभाविक रूपमा समुदायको हीत र प्रवर्द्धनको निम्ती कार्य गर्दछ भने सामुदायिक सामाजिक जिम्मेवारी पनि वहन गर्दछ ।

**सहकारीका १० मुल्य मान्यताः**

**आधार मुल्य :**

१. **स्वावलम्वनः** आफ्नो खुट्टामा आफै उभिनु अर्थात केही उद्यम व्यवसाय गरि आय आर्जन गर्नु ।

२. **स्वउत्तरदायित्व** : सहकारी संस्था यस्तो संस्था हो जहां आफ्नो जिम्मेवारी र उत्तरदायित्व आफैंले लिनु पर्दछ ।

३. **लोकतन्त्र** : सहकारी संस्था लोकतन्त्रको उच्चतम अभ्यास गर्ने थलो जहां लोकतान्त्रीक प्रकृया र पद्धतीको अवलम्बन गरिन्छ ।

४. **समानता** : सबैलाई कुनै भेदभाव रहित हिसावले समान व्यवहार, समान सुविधा र समान वितरण गरिन्छ ।

५. **समता** : कमजोर वर्गलाई माथि उठाउने प्रयत्न गरिन्छ ।

६. **ऐक्यवद्वता** : सबैका लागि एक र एकका लागि सबै भन्ने मुल मर्मका साथ एवम हामी सबै एक हौं भन्ने भावनाका साथ गतिविधि र कृयाकलापहरू अगाडि बढाईन्छ ।

**नैतिक मुल्य :**

७. **इमान्दारीता** : सहकारी संस्था इमान्दारहरूको संस्था हो र यहां सदैव ईमान्दारिता कायम राखिन्छ ।

८. **खुलापन** : सहकारीमा सबै काम कुराहरू पारदर्शी हुन्छन अनिवार्य रूपमा गोप्य राख्नु पर्ने बाहेकका विषयहरू सधै खुला हुन्छन ।

९. **सामाजिक उत्तरदायित्व** : सहकारी संस्था सामाजिक व्यवसायिक संस्था भएको हुनाले यसले सधै नै सामाजिक सामुदायिक उत्तरदायित्व वहन गर्दै समाज विकासका लागि कुनै न कुनै रूपमा सहयोग गर्ने गर्दछ ।

१०. **अरूको हेरचाह** : समाजका रहेका कमजोर वर्ग एवम सदस्यहरूको हीत र हेरचाह पनि सहकारी संस्थाले गर्ने गर्दछ ।

**सहकारी संस्थाको प्रकार : उद्धेश्यका हिसावले सहकारी संस्था २ प्रकारका छन :**

**१. एकल उद्धेश्यीय २. बहुउद्धेश्यीय**

**सहकारी संस्थाको वर्गीकरण** : संघीय सहकारी नियमावली २०७५ ले सहकारी संस्थाको वर्गीकरण यस प्रकार गरेकोछ ।

१. **उत्पादक संस्था** : कृषि, दुग्ध, चिया, कफि, उखु, जुनार, सुपारी, जडिबुटि, बिउ विजन, मौरी पालन, तरकारी तथा फलफुल, पशुपन्छी पालन र माछा पालन आदि ।
२. **उपभोग्ता संस्था** : उपभोग्ता भण्डारण, विद्युत, संचार, स्वास्थ्य, अन्य उपभोग्यजन्य आदि ।
३. **वित्तीय संस्था** : बचत तथा ऋणको मात्र कारोवार गर्ने ।
४. **श्रमिक संस्था** : हस्तकला, खाद्य परिकार, गैर खाद्य, औद्योगिक उत्पादन, भोजनालय, श्रम, सीप र स्वरोजगारीमा आधारीत आदि ,
५. **बहुउद्धेश्यीय संस्था** : उत्पादन, उपभोग्ता, वित्तीय र श्रमिक श्रम र सीप समेतको कार्यहरू (व्यवसाय) गर्ने सहकारी संस्था

**सहकारी संस्थाको उद्देश्यः**

कार्यक्षेत्र र समुदायमा आधारित, सदस्य केन्द्रित भइ आफ्ना सदस्यहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक संवृद्धि हासिल गर्ने ।

**सहकारी संस्थाका कार्यहरूः**

१. सहकारीका सिद्धान्त र मुल्यमान्यताको पालना गर्ने /गराउने
२. सदस्य र आफ्नो व्यवसाय र (संस्थाको) को हित प्रवर्द्धन तथा सो को बजारीकरण गर्ने /गराउने ।
३. सदस्यलाई शिक्षा, तालिम र सूचना प्रदान गर्ने सदस्य र संस्थामा सुशासन प्रवर्द्धन गर्ने /गराउने ।
४. संस्थाहरूबीच पारस्परिक सहयोग अभिवृद्धि गर्ने/ गराउने ।
५. उत्पादन र सेवाको मापदण्ड निर्धारण गरी गुणस्तर सुधार आर्थिक स्थायीत्व र जोखिम व्यवस्थापन गर्ने /गराउने ।
६. आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने र लेखा सुपरिवेक्षण समितिको भुमिका प्रभावकारी बनाउने ।
७. संस्थाको व्यवसाय प्रवर्द्धन सम्बन्धी कार्य गर्ने /गराउने ।
८. मन्त्रालय रजिष्ट्रार, प्रदेश, स्थानीय तथा मातहतका कार्यालयको निर्देशन पालना गर्ने /गराउने ।
९. विनिमयमा उल्लेखित कार्य गर्ने ।

माथि उल्लेखित सहकारी सिद्धान्त, मूल्य मान्यता, संस्थाको उद्देश्य र संस्थाका कार्यहरू सम्पन्न गर्नका लागि संस्थाका सदस्य तथा विभिन्न जिम्मेवारीमा रहनु भएका व्यक्तित्वहरू तथा आम सहकारीका बिद्यार्थीहरूका लागि उपयोगी हुने केही शब्दावलीहरू उल्लेख गर्न चाहन्छु ।

प्राथमिक पुंजिकोष : शेयर पुंजि र जगेडा कोष

बचत : सदस्यले सहकारी संस्थाको बचत नीतिमा उल्लिखीत विभिन्न बचत शिर्षकमा जम्मा गरेको रकम ।

ऋण : संस्थाका सदस्यले चल अचल सम्पत्ती धितो वन्धक वा अन्य आवश्यक सुरक्षण वा जमानत लिई वा नलिई निश्चित अवधि, निश्चित व्याजदर, निश्चित उद्धेश्यमा फिर्ता गर्ने गरि सहकारी संस्थाले प्रदान गरेको सावां, व्याज र हर्जाना समेतको रकम ।

संस्थागत पुंजि :सस्थाको पछिल्लो आर्थिक वर्षको (हाल आ.व.२०७९/०८०) जगेडा कोष र घाटा पूर्ति कोषको रकम ।

PEARLS (पर्ल्स) सहकारीको लागि अन्तर्राष्ट्रिय रूपमा स्वीकृत वित्तीय मापदण्ड हो जुन विश्व ऋण परिषदबाट विकास गरिएको हो ।
पर्ल्स बढि भन्दा बढि वित्तीय सूचकहरू भएको एक विश्वासयोग्य अनुगमन प्रणाली हो जसले कुनै पनि सहकारी विशेष गरि बचत तथा ऋण सहकारी संस्थाको वित्तीय अवस्थाको एकिकृत विश्लेषण र विवेचना गर्न मद्दत गर्दछ । अर्को शब्दमा भन्ने हो भने सहकारी संस्थाको वित्तीय स्वास्थ्य नाप्ने, जांच्ने औजार हो जसबाट संस्थाको वित्तीय अवस्था सुधार गर्न सहगोग पुग्दछ ।

**P-** Protecion. (सुरक्षण) सम्पत्तिलाई सुरक्षित र व्यवस्थित गर्न
**E-** Effective financial structure= (प्रभावकारी वित्तीय संरचना)
**A-** Assets Quality = (सम्पत्तिको गुणस्तर)
**R-** Rate of Return and Cost= (लगानीको प्रतिफलदर र लागतदर)
**L-** Liquidity . (तरलता)
**S-** Signs of Growth= (बृद्धिको संकेत)

**पूँजी** : शेयर पूंजी संस्थागत पूँजी, अन्य कोष, ऋण सुरक्षण कोष
**दायित्व** : वचत, निक्षेप, बाह्य ऋण, भुक्तानी दिनु पर्ने हिसाव, अन्य दायित्व
**भुक्तानी दिनु पर्ने** : ३० दिन भित्र भुक्तानी गर्नुपर्ने रकम
**अन्य दायित्व** : ३० दिन भन्दा बढी वा आर्थिक वर्ष भित्र वा सो भन्दा बढी समयमा फिर्ता गर्ने रकम
**पुँजि शिर्षकमा के के पर्दछन** : शेयर पूँजी, संस्थागत पुंजि, अन्य कोष र ऋण सुरक्षण कोष ।
**दायित्व शिर्षकमा के के पर्दछन** : बचत, निक्षेप, भुक्तानी दिनु पर्ने र अन्य दायित्व ।
**भुक्तानी दिनु पर्ने** : ३० दिन भित्र भुक्तानी गर्नु पर्ने रकम ।
**अन्य दायित्व** : ३० दिन भन्दा बढि वा आर्थिक वर्ष भित्र वा सो भन्दा बढि समयमा फिर्ता गर्ने रकम ।
**तरल सम्पत्ती** : नगद, बैंक, चल्ती खाता र शेयर लगानी
**तरल लगानी** : बैंक, बचत खाता, संघहरूको ऐच्छिक खाता ।
**तरलता** : तरल सम्पत्ती र तरल लगानी ।
**आर्थिक लगानी** : शेयर खरीद, संस्थाको नियमीत, आवधिक बचत ।
**गैह्र वित्तीय लगानी** : संस्थाको सुपथ मुल्य पसल एम्बुलेन्स आदिमा लगानी ।

**लागत रहित कोष** : संस्थागत पुंजि, अन्य कोष, भुक्तानी दिनु पर्ने रकम र अन्य दायित्व ।
**आय आर्जन नगर्ने सम्पत्ती** : भल्टमा भएको नगद, पाउनु पर्ने हिसाव र स्थिर सम्पत्ती ।

**ऋण सुरक्षण कोष वा ऋण नोक्सानी कोष** : संस्थाबाट लगानी भएको ऋण तोकिएको समय अवधि भित्र फिर्ता आउन पनि सक्छ नआउन पनि सक्छ सो ऋण रकमलाई भाखा नाघेको अवधि अनुसार तोकिएको प्रतिशत र भाखा ननाघेको ऋणलाई पनि १ प्रतिशतका दरले खर्च लेखी खडा गरिएको कोष ।

**उदाहरणको लागि** : १ महिना देखि १२ महिना सम्म भाखा नाघेको ऋणको हकमा ३५ प्रतिशत आम्दानीबाट खर्च लेखि ऋण सुरक्षण कोषमा जम्मा गर्नु पर्ने ।

१२ महिना भन्दा बढि अवधि भाखा नाघेको ऋणको हकमा १०० प्रतिशत नै आम्दानीबाट खर्च लेखि ऋण सुरक्षण कोषमा जम्मा गर्नु पर्ने ।

**बैकको वित्तीय स्वास्थ्य नाप्ने जांच्ने औजार CAMELS (केमेल्स)**

| | |
|---|---|
| C = Capital Adqueacy. | पुँजिको पर्याप्तता |
| A = Asset Quality. | सम्पत्तीको गुणस्तर |
| M = Managent . | व्यवस्थापकीय गुणस्तर |
| E = Earning Capacity. | आम्दानी क्षमता |
| L =Liquidity. | तरलता |
| S =Sensivity of Market risk. | बजार जोखीमको संवेदनशीलता । |

**मुद्रास्फीतिः(Inflation) बस्तुको मुल्य वृद्धि, मुद्राको मूल्यमा कमि ।**

**पार विन्दु** : **(Break even)** आम्दानी र खर्च बराबर भएको अवस्था अर्थात न नाफा न घाटाको अवस्था ।
**स्प्रेड दर( Sprade Rate)** व्यादरमा फरकता दर अर्थात बचतमा दिने व्याज र ऋणमा लिने व्याज । हाल स्प्रेड दर ६ प्रतिशत भन्दा बढि हुनु हुदैन ।
**बस्तु** : बचत तथा ऋण सहकारी संस्था लि. मा बस्तु भन्नाले बचतका प्रकारहरू र ऋणका प्रकारहरूलाई बुभिन्छ
**सेवाः** संस्थाले आफ्ना सदस्यहरूलाई प्रदान गर्ने गैह्र वित्तीय सेवाहरू ।

**सहकारी संस्थाका सदस्यहरूको भूमिका :**
१. साधारण सभामा उपस्थीत भई सकृय रूपमा छलफलमा भाग लिने ।

२. संस्थाको नेतृत्व तहको संचालक समिति लेखा सुपरिवेक्षण समिति, उपसमिति र कर्मचारीको कृयाकलाप गतिविधिको रेखदेख अनुगमन गर्ने ।
३. संस्थाले गरेका निर्णयको जानकारी लिने ।
४. शंकास्पद कारोवारको निगरानी गर्ने ।
५. अनियमीतता भएको जानकारी प्राप्त भएमा सम्वन्धित निकायमा उजुरी दिने ।
६. संस्थाको बस्तु र सेवाको बारेमा जानकारी लिने र थप गर्न सुझाव दिने ।
७. बचत सुरक्षित भए नभएको चेक गर्ने ।
८. संस्थामा जम्मा गर्नु पर्ने रकम तोकिएको समय भित्र जम्मा गर्ने ।
९. संस्था बाट लिएको ऋणको सांवा तथा व्याज तोकिएको समयमा नै बुझाउने ।

माथि मैले उल्लेख गरेका विषय बस्तुहरूबाट केही हद सम्म सहकारीका सदस्यहरू, सहकारी कर्मिहरू र सहकारी प्रति रूचि राख्ने आम पाठकहरूका लागि खुराक हुनेछ भन्ने अपेक्षा गर्दछु ।

अन्त्यमा,

सहकारी साक्षरता आजको आवश्यकता" भन्ने मूल मर्मलाई आत्मसात गर्दै अध्ययन, शिक्षा, तालिम, गोष्ठि र स्वः अध्ययनलाई अभियान कै रूपमा संचालन गरि सिकेका ज्ञान, सीप र क्षमतालाई व्यवहारिक रूपमा सहकारी अभियानमा समर्पित गर्न सकियो भने तिन खम्बे अर्थ नीति अन्तर्गतको एउटा खम्बा सहकारी क्षेत्रमा संस्थागत सुशासन कायम गरि आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरणमा सहयोग पुग्नुका साथै समाजवाद उन्मुख अर्थतन्त्र तर्फ अग्रसर हुंदै संवृद्ध नेपाल, सुखि नेपाली भन्ने सरकारको सपनालाई यथार्थमा परिणत गर्न कोशे ढुंगा सावित हुने आसा एवम विश्वास गर्न सकिन्छ ।

# COOPERATIVE IMPACT

**The 3 million cooperatives on earth contribute to sustainable economic growth and stable, quality employment**

## TOP 300 COOPERATIVES GENERATE

**2.17** trillion USD in turnover

## COOPERATIVES PROVIDE JOBS OR WORK OPPORTUNITIES

**280** million people across the globe

**10%of the world's employed population.**

## Facts and figures

At least 12% of people on earth is a cooperator of any of the 3 million Cooperatives on earth.
Cooperatives provide jobs or work opportunities to 10% of the Employed population, and the three hundred largest cooperatives or mutual generate 2,146 billion USD in turnover while providing the services and infrastructure society needs to thrive

Source: (World Cooperative Monitor).

# कृषक दाजुभाइ तथा दिदीबहिनीमा विशेष अनुरोध

- ❖ विषादी विष हो, औषधि होइन भन्ने कुरा सदैव मनन गर्नुहोस ।
- ❖ अनावश्यक रुपमा विषादीको प्रयोग नगर्नुहोस/नगराउनुहोस ।
- ❖ विषादी खरिद गर्नुपूर्व प्राविधिकको अनिवाई सल्लाह लिनुहोस ।
- ❖ तालिम प्राप्त र इजाजतपत्र प्राप्त विषादी खुद्रा विक्रेतहरुबाट मात्र विषादी खरिद गर्नुहोस ।
- ❖ विषादी खरिद गर्दा पञ्जिकृत, सुरक्षित र प्रभावकारी विषादी छान्नुहोस ।
- ❖ पञ्जिकरण नभएका प्रतिवन्धित विषादीबारे जानकारी राख्नुहोस र त्यस्ता विषादी खरिद तथा प्रयोग नगर्नुहोस ।
- ❖ विषादीको सुरक्षित तरिकाले भण्डारण गर्नुहोस र बालबच्चाहरुको पहुँचदेखि टाढा राख्नुहोस ।
- ❖ सही विषादी, सही मात्रामा, सही समयमा र सही तरिकाले प्रयोग गर्नुहोस ।
- ❖ विषादी चलाउँदा सुरक्षात्मक पहिरनको अनिवार्य प्रयोग गर्नुहोस ।
- ❖ विषादी प्रयोग गरिसकेपछि पर्खनुपर्ने सपय व्यतित नभएसम्म बाली टिपेर खाने र बेच्ने नगर्नुहोस ।
- ❖ भण्डारणमा लाग्ने कीरा नियन्त्रणका लागि सकभर स्थानीय प्रविधि अवलम्बन गर्नुहोस । रासायनिक विषादी प्रयोग गर्नुपरेमा सुरक्षित विषादी सावधानपूर्वक प्रयोग गर्नुहोस र उपभोगपूर्व प्रतिक्षा अवधिको अनिवार्य ख्याल गर्नुहोस ।
- ❖ विषादी खाली भाँडाहरु (डिब्बा, प्याकेट) स्पष्ट तरिकाले नष्ट गर्नुहोस ।

**विषादी विष हुन् औषधि होइनन, विषादीले जीव रक्षा होइन हत्या गर्छ ।**

**बाली संरक्षण निर्देशनालय**

**कृषि विकास मन्त्रालय**

**कृषि विभाग**



# नेपालको सहकारी अभियानका प्रमुख ऐतिहासिक घटनाहरू

| | |
|---|---|
| वि.सं. २०१० | - योजना विकासका लागि कृषि मन्त्रालयको मातहतमा सहकारी विभागको स्थापना । |
| २०१३ | - नेपाल सरकारद्धारा कार्यकारिणी आदेश मार्फत सहकारी संस्था गठनको प्रारम्भ भई सर्वप्रथम चितवन जिल्लामा ऋण सहकारी संस्थाको गठन । |
| २०१६ | - सहकारी संस्था ऐन, २०१६ जारी । |
| २०१८ | - सहकारी संस्था नियम, २०१८ जारी । |
| २०१९ | - सहकारी प्रशिक्षण केन्द्रको स्थापना । |
| | - सहकारी बैंक ऐन, २०१९ जारी । |
| २०२४ | - सहकारी बैंक कृषि विकास बैंकमा परिणत । |
| २०२७ | - सहकारी संस्था ऐन, २०१६ मा संसोधन । |
| २०२८ | - सहकारी संस्था नियमहरू, २०१८ मा प्रथम संसोधन । |
| २०३३ | - सहकारी संस्था नियमहरू, २०१८ मा संसोधन । |
| २०३४ | - साझा संस्था प्रशासन तथा आर्थिक नियम, २०३४ को व्यवस्था । |
| २०४१ | - साझा संस्था ऐन, २०४१ जारी । |
| २०४३ | - साझा संस्था नियमहरू, २०४३ जारी । |
| २०४५ | - अनिवार्य बचत रकम बचतकर्तालाई फिर्ता गर्ने घोषणा । |
| २०४७ | - राष्ट्रिय सहकारी महासंघ परामर्श समिति गठन । |
| २०४८ | - साझा केन्द्रीय कार्यालय विघटन । |
| | - राष्ट्रिय सहकारी विकास बोर्ड तदर्थ रूपमा गठन । |
| | - सहकारी ऐन, २०४८ जारी । |
| २०४९ | - राष्ट्रिय सहकारी विकास बोर्ड ऐन, २०४९ जारी । |
| | - सहकारी नियमावली, २०४९ जारी । |
| २०५० | - राष्ट्रिय सहकारी संघ गठन । |
| २०५४ | - राष्ट्रिय सहकारी संघलाई अन्तर्राष्ट्रिय सहकारी महासंघको सदस्यता प्राप्त । |
| २०५७ | - कृषि मन्त्रालयमा सहकारी समेत थप गरी कृषि तथा सहकारी मन्त्रालय भएको । |
| | - सहकारी ऐन, २०४८ प्रथम संसोधन गरी सहकारी बैंक स्थापना गर्न सक्ने प्रावधान राखिएको । |
| २०५८ | - एशिया तथा प्रशान्त क्षेत्रका सहकारी मन्त्रीहरूको छैटौं सम्मेलन काठमाण्डौंमा सम्पन्न । |
| | - राष्ट्रिय सहकारी बैंक स्थापना । |
| २०६३ | - नेपालकोअन्तरिम संविधान, २०६३ मा सरकारी, सहकारी र निजी क्षेत्रलाई आर्थिक विकासको आधार स्तम्भको रूपमा अवलम्बन । |
| | - सहकारी स्वर्ण महोत्सव वर्ष, २०६३ सम्पन्न । |
| २०६९ | - सहकारी तथा गरिबी निवारण मन्त्रालयको स्थापना । |
| | - राष्ट्रिय सहकारी नीति, २०६९ जारी । |
| २०७० | - राष्ट्रिय सहकारी महासम्मेलन सम्पन्न । |
| २०७२ | - नेपालको संविधानमा सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने व्यवस्था । |
| २०७४ | - सहकारी ऐन, २०७४ जारी । |
| २०७५ | - सहकारी नियमावली, २०७५ जारी । |

## सबैमा जानकारीको लागि

राष्ट्रिय सहकारी विकास बोर्डद्धारा सहकारी, वित्तीय साक्षरता र व्यवस्थापन, कृषि, पशुपालन, फलफूल तथा फूल खेतीसम्बन्धी लेख रचनाहरू समावेश गरी प्रकाशित सहकारी संवाद मासिक पत्रिका हामीले हुलाकको माध्यमबाट देशभरिका सहकारी संघ संस्थाहरू र नगरपालिकाहरूमा निःशुल्क वितरण गर्दै आइरहेका छौ । समय समयमा पाठकहरूको ठेगाना परिवर्तन भएको कारण फिर्ता आउने गर्दछ । तसर्थ यो पत्रिकाका नियमित पाठक रहेको सम्पूर्ण निकाय तथा संघ संस्थाहरूमा ठेगाना परिर्वतन भएमा कृपया हामीलाई नयाँ ठेगानाको जानकारी गराई सहयोग गरिदिनु हुन हार्दिक अनुरोध गर्दछु ।

**सम्पादक**
सहकारी संवाद मासिक पत्रिका
राष्ट्रिय सहकारी विकास बोर्ड, पुल्चोक, ललितपुर |फोन नंः ०१-५०१०१३१, ५०१०२३७
इमेलः coopsanchar@ncdb.gov.np; coopsanchar@gmail.com | वेवसाईटः www.ncdb.gov.np

# राष्ट्रिय सहकारी विकास बोर्ड: एक जानकारी




### १. पृष्ठभूमि :

गैर कृषि क्षेत्रका सहकारीको प्रवर्द्धन र विकास गर्ने उद्देश्यले स्थापना भएको तत्कालीन साझा केन्द्रीय कार्यालय विघटन गरी २०४८ साल भाद्र १५ गते राष्ट्रिय सहकारी विकास बोर्ड गठन गरिएको हो । यस बोर्डलाई तत्कालीन अवस्थामा देशको सहकारी आन्दोलनको नीतिगत आधार, संगठनको स्वरूप र ढांचा, यसको परिचालन तथा सहकारी आन्दोलनको कार्यक्रम तयार गरी गाउँस्तरदेखि राष्ट्रिय स्तरसम्मको संगठन खडा गर्ने र त्यसका लागि आवश्यक ऐन नियम र विनियम तथा अन्य पूर्वाधार तयार गर्ने जिम्मेवारी प्रदान गरिएको थियो ।

तोकिएको कार्य जिम्मेवारी अनुरूप बोर्डले सहकारीको अन्तर्राष्ट्रिय मूल्य मान्यता र सिद्धान्त अनुरूपको सहकारी ऐन, नियमको मस्यौदा तयार पारी सरकार समक्ष प्रस्तुत गर्‍यो । सोही अनुरूप तत्कालीन सहकारी ऐन, २०४८ र नियमावली, २०४९ जारी भई विभिन्न प्रकृतिका सहकारी संघ संस्थाहरू  स्थापना भैसकेका छन् । यसका अतिरिक्त बोर्डले तत्कालीन समयमा कृषि विकास बैंक र सहकारी बीचको हरहिसाव छानबिन, नयां ऐन नियम बारे जानकारी गराउन देशभर प्रशिक्षण, सहकारी संघ संस्था संचालनका लागि आवश्यक पर्ने विभिन्न पाठ्यसामग्री लगायत संघ/संस्था संचालनको आर्थिक प्रशासनिक नमूना विनियमहरू तर्जूमा, सहकारी बैंक स्थापनाको प्रस्ताव लगायतका कार्यहरू निर्धारित समयमा नै सम्पन्न गरेको थियो । छोटो समयमा नै बोर्डले सम्पन्न गरेका उल्लेखित महत्वपूर्ण कार्यहरूको प्रभावकारितालाई महशूस गरी अन्य मुलुकहरूमा पनि यस बोर्ड जस्ता उच्चस्तरीय निकायहरू (निगम, प्राधिकरण, परिषद्, बोर्ड) सहकारीको प्रवर्द्धन र विकासका लागि क्रियाशील भएको पाइएको हुंदा तत्कालीन सरकारले राष्ट्रिय सहकारी विकास बोर्डलाई स्थायी निकायको रूपमा संचालन गर्न राष्ट्रिय सहकारी विकास बोर्ड ऐन, २०४९ द्वारा उच्चस्तरीय निकायको रूपमा स्थायित्व प्रदान गर्‍यो ।

### २. परिचय

सहकारी सिद्धान्त अनुरूप निम्नस्तरका जनताको आर्थिक तथा सामाजिक विकासका लागि सेवा सुविधासम्बन्धी नीति निर्माण तथा तत्सम्बन्धी योजना तर्जूमा गरी विभिन्न सहकारी संघ संस्थाहरूको प्रवर्द्धन र विकासमा सहयोग पुर्‍याउनका लागि राष्ट्रिय सहकारी विकास बोर्डको स्थापना गरिएको हो । यस बोर्डले सहकारी क्षेत्रको विकासका लागि विविध कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ ।

### ३. उद्देश्य

- सहकारीसम्बन्धी नीति निर्माण र सो को कार्यान्वयनमा सरकारलाई सहयोग गर्ने ।
- सरकार र सहकारी आन्दोलनकाबीच समन्वय गर्ने ।
- सहकारीको प्रवर्द्धन तथा विकाससम्बन्धी कार्यहरू गर्ने ।
- सहकारी विकास कोष मार्फत् सहकारी संघ संस्थाहरूमा वित्तीय सहयोग उपलब्ध गराउने ।
- सहकारी संघ संस्थाहरूलाई वित्तिय सहयोग उपलब्ध गराउने ।
- सहकारी सम्बन्धी अध्ययन/अनुसन्धान गर्ने ।

## ४. काम, कर्तव्य र अधिकार

(क) राष्ट्रिय स्तरमा सहकारिताको माध्यमबाट सहकारी संघ/संस्थाहरूको प्रवर्द्धन एवं विकासका लागि आवश्यक नीतिहरू तर्जूमा गरी सो को कार्यान्वयन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने ।

(ख) सहकारी विकाससम्बन्धी नीति निर्माण र तत्सम्बन्धी विकास योजना तर्जूमाका लागि नेपाल सरकार लाई आवश्यक सहयोग पुऱ्याउने र ती नीतिहरू कार्यान्वयन गर्ने, गराउने ।

(ग) सहकारी विकाससम्बन्धी आवश्यक अध्ययन तथा अनुसन्धान गर्ने, गराउने ।

(घ) सहकारी संघ/संस्थाहरूलाई सुलभ तरिकाबाट ऋण वा अनुदान प्रदान गर्ने उद्देश्यले एक सहकारी विकास कोष खडा गरी सो कोषबाट सहकारी संघ/संस्थालाई विकासमूलक कार्य संचालन गर्नका लागि आवश्यक पूँजी उपलव्ध गराउने ।

(ङ) सहकारी संघ/संस्थाको वा सहकारी बैंकको शेयर खरिद गर्ने ।

(च) सहकारी संघ/संस्थाहरूले स्वदेशी बैंक वा अन्य निकायबाट ऋण लिंदा वा ऋणपत्र जारी गर्दा बोर्डको सहयोग मागेमा आवश्यकतानुसार जमानत दिने ।

(छ) सहकारी संघ/संस्थाहरूको विकाससंग सम्बन्धित कार्यक्रम संचालनसम्बन्धी आवश्यक व्यवस्था मिलाउन तथा सहकारी संघ/संस्थाहरूको प्रवर्द्धन तथा संरक्षण गर्न प्राविधिक सहयोग उपलब्ध गर्ने, गराउने ।

(ज) नेपाल सरकारका विभिन्न निकाय, सहकारी संघ, संस्था तथा गैरसरकारी संस्थाबीच सामञ्जस्य स्थापना गरी त्यस्ता संस्थाहरूलाई व्यवसायमूलक कार्यमा बढी प्रोत्साहित गराउन समन्वयात्मक सहयोग पुऱ्याउने ।

झ) स्वदेशी तथा विदेशी लगानीकर्ता संघ/संस्था, कम्पनी तथा कर्पोरेशन र नेपाल सरकारसंग सहकारी क्षेत्रमा औद्योगिक विकासको लागि संयुक्त लगानी गर्न सम्झौता गराउने ।

(ञ) सहकारी विकाससम्बन्धी अन्य आवश्यक कार्य गर्ने, गराउने ।

## ५. सम्पादन गरेका प्रमुख कार्यहरू

### (क) सहकारी ऐन, नियमावलीको मस्यौदा र नीति निर्माण

- बोर्डले सहकारीको अन्तर्राष्ट्रिय मूल्य मान्यता र सिद्धान्त अनुरूपको सहकारी ऐन, नियमको मस्यौदा तयार पारी सरकार समक्ष प्रस्तुत गऱ्यो । सोही अनुरूप सहकारी ऐन, २०४८ र नियमावली, २०४९ जारी ।
- बोर्डले राष्ट्रिय सहकारी नीति, सहकारी ऐन र सहकारी नियमावलीको मस्यौदा मन्त्रालय समक्ष पेश गरेकोमा नेपाल सरकारबाट राष्ट्रिय सहकारी नीति, २०६९, सहकारी ऐन २०७४ र सहकारी नियमावली २०७५ जारी गरेको ।
- बोर्डले राष्ट्रिय सहकारी नीति, २०६९ को पुनरावलोकन मस्यौदा मन्त्रालय समक्ष पेश गरि सकेको ।
- नेपालको सहकारी क्षेत्रको पच्चीस वर्षे रणनीतिक योजना (२०७७-२१०२) नेपाल सरकार समक्ष पेश गरिएको ।
- विभिन्न समयमा आयोजना गरिएका गोष्ठीका प्रतिवेदनहरू मन्त्रालयमा पेश गरिएको ।

### (ख) अध्ययन अनुसन्धान

- पुराना सहकारी संस्थाहरूको अवस्था अध्ययन ।
- विभिन्न सहकारी संघ संस्थाहरूको गोदाम निर्माण, तेल मिल, दुग्ध प्रशोधन, धान मिल आदि आयोजनाको सम्भाव्यता अध्ययन (सहकारी विकास कोषको प्रयोजनका लागि)
- महिला, दलित र पिछडिएका वर्ग र समुदायलाई फाइदा पुग्ने र सहकारी मार्फत् स्वरोजगार सिर्जना गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरूसंग समन्वयात्मक रूपमा कार्यक्रम संचालन गर्ने आयोजना प्रस्ताव तयार पारेको ।

### (ग) वित्तीय सहयोग

- सहकारी विकास कोष मार्फत् विभिन्न सहकारी संघ संस्थाहरूले संचालन गर्ने शीत भण्डार, दुग्ध प्रशोधन, धान मिल, गोदाम निर्माण, तेल मिलजस्ता आयोजनामा न्यून व्याज दरमा सरल ऋण सहयोग ।
- केही सहकारी संघ संस्था तथा सहकारी बैंकमा शेयर लगानी ।
- सहकारी संघहरूको भौतिक पुर्वाधार, व्यवसायिक र व्यवस्थापकीय क्षमता विस्तार, विपन्न र सिमान्तकृत वर्गद्धारा संचालित सहकारीका सदस्यहरूको क्षमता विकास, महिलाद्धारा संचालित सहकारीहरूको क्षमता तथा उद्यमशीलता विकास, सहकारीसम्बन्धी शोधकर्तालाई छात्रवृत्ति प्रदान र साझेदारी कार्यक्रम मार्फत सहकारी संघ संस्थाहरूलाई आर्थिक सहयोग प्रदान गरिदै आएको छ ।

### (घ) प्रचार प्रसार

- नेपाल टेलिभिजनबाट सहकारी दर्पण कार्यक्रम प्रसारण ।
- सहकारी संवाद मासिक पत्रिका प्रकाशन ।
- सहकारी रेडियो कार्यक्रम रेडियो नेपालबाट प्रसारण ।
- सहकारीसम्बन्धी विविध पाठ्य सामग्रीहरूको प्रकाशन ।

**(ङ) तालिम गोष्ठी/कार्यशाला/शिविर**

- सरकारी, गैर सरकारी र सहकारीका केन्द्रीय निकायका प्रतिनिधिहरू सम्मिलित विभिन्न विषयहरूमा प्रदेश र राष्ट्रियस्तरका सहकारी गोष्ठी संचालन र सुझाव संकलन ।
- सहकारीका संचालक, सदस्य र कर्मचारीका लागि तालिम, कार्यशाला, शिक्षा शिविर सञ्चालन ।

**(च) समन्वयात्मक कार्यक्रम**

- नमूना सहकारी विकास कार्यक्रम संचालन ।
- विश्व खाद्य तथा कृषि संगठनको सहयोगमा कृषि सहकारी संस्थाहरूको क्षमता अभिवृद्धिका लागि प्राविधिक सहकार्य आयोजना (TCP) सम्पन्न भएको ।
- विभिन्न सहकारी संघ संस्थाहरूमा साझेदारी कार्यक्रमको निरन्तरता ।

**(छ) राष्ट्रिय सहकारी महासंघलाई भवन निर्माण गर्न जग्गा प्रदान र कार्यक्रमको लागि रकम प्रदान गरिदै आएको ।**

**(ज) परामर्श सेवा**

- सहकारीसम्बन्धी जानकारी लिन आउनेहरूका लागि नियमित रूपमा परामर्श सेवा प्रदान ।

**अन्तर्राष्ट्रिय निकायसंग बोर्डको आवद्धता**

- International Cooperative Alliance (ICA), Geneva Switzerland.
- Centre for International Cooperation and Training in Agricultural Banking (CICTAB), Pune, India.
- Network for the Development of Agricultural Cooperatives (NEDAC), Bangkok, Thailand.
- Asia-Pacific Rural and Agricultural Credit Association (APRACA), Bangkok, Thailand.

## सबैमा जानकारीको लागि

राष्ट्रिय सहकारी विकास बोर्डद्वारा सहकारी क्षेत्रको प्रवर्द्धन र विकासका लागि सहकारी, वित्तीय साक्षरता र व्यवस्थापन, कृषि, पशुपालन, फलफूल तथा फूल खेतीसम्बन्धी लेख रचनाहरू समावेशगरी प्रकाशित सहकारी संवाद मासिक पत्रिका प्रकाशित गरिन्छ । यदि तपाईको लेख रचना माथि उल्लेखित विषय वस्तुमा आधारित छ भने तल उल्लेखित ठेगानामा उपलब्ध गराई सहयोग गरिदिनु हुन अनुरोध गर्दछु ।

**लेख रचना पठाउदा ध्यान दिनुपर्ने कुराहरू**

१. लेख रचना दुई हजार शब्दमा नघटाई Preeti Font मा नेपाली भाषा वा नेपाली-अंग्रेजी मिश्रित भाषामा हुनु पर्नेछ ।
२. लेख रचना समय सान्दर्भिक अनुसन्धानात्मक, खोजमूलक र व्यावसायमूलक र जानकारीमूलक हुनु पर्नेछ ।
३ लेख रचनासँग सम्बन्धित तस्वीर र तथ्याङ्कहरू समावेश गर्नु पर्नेछ ।
४. लेख रचना पठाउँदा लेखकको PP size फोटो, काम गर्ने निकाय र पद, इमेल, सम्पर्क नं, बैंकको नाम, शाखा र खाता नं, प्यान नं पठाउनु पर्नेछ ।
५. लेख रचनालाई आवश्यक परिमार्जन सहित प्रकाशित गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बोर्डमा निहित रहने छ ।

**व्यवस्था**

१. लेखकले भौतिक उपस्थिति वा इमेलको (coopsanchar@gmail.com)माध्यमबाट लेख रचना पठाउन सक्ने छ ।
२ प्रकाशित लेख रचना वापत लेखकलाई उचित पारिश्रमिक उपलब्ध गराएको बैंक खातामा जम्मा गरिने छ ।
३. लेख प्रकाशित भएपछि दुई प्रति पत्रिका लेखकलाई उपलब्ध गराईने छ ।

**सम्पादक**
सहकारी संवाद मासिक पत्रिका
राष्ट्रिय सहकारी विकास बोर्ड, पुल्चोक, ललितपुर |फोन नंः ०१-५०१०१३१, ५०१०२३७
इमेलः coopsanchar@ncdb.gov.np; coopsanchar@gmail.com | वेवसाईटः www.ncdb.gov.np

# SUSTAINABLE DEVELOPMENT GOALS

## 17 GOALS TO TRANSFROM OUR WORLD

| Goal | Fact |
|---|---|
| 1 NO POVERTY | **836 million** people live on less than **$1.25** a day |
| 2 ZERO HUNGER | **1 in 9** people in the world are undernourished |
| 3 GOOD HEALTH AND WELL-BEING | **6** million children still die before their fifth birthday each year |
| 4 QUALITY EDUCATION | **57** million children are still out of school |
| 5 GENDER EQUALITY | Women earn **24%** less than men globally |
| 6 CLEAN WATER AND SANITATION | **5,000** children die on average each day due to preventable water diseases |
| 7 AFFORDABLE AND CLEAN ENERGY | **1 in 5** people in the world lack access to electricity |
| 8 DECENT WORK AND ECONOMIC GROWTH | **470** million jobs are needed globally for new entrants to the labour market |
| 9 INDUSTRY, INNOVATION AND INFRASTRUCTURE | **2.6** billion people face difficulties in accessing electricity |
| 10 REDUCED INEQUALITIES | Income inequality increased by **11%** in developing countries |
| 11 SUSTAINABLE CITIES AND COMMUNITIES | By **2030**, almost **60%** of the world's population will live in cities |
| 12 RESPONSIBLE CONSUMPTION AND PRODUCTION | **1.3** billion tonnes of food are wasted every year |
| 13 CLIMATE ACTION | Since **1990**, global emissions of carbon dioxide have increased by almost **50%** |
| 14 LIFE BELOW WATER | **40%** of world oceans are heavily affected by human activities |
| 15 LIFE ON LAND | **13** million hectares of forests are being lost every year |
| 16 PEACE AND JUSTICE STRONG INSTITUTIONS | Conflicts have forced **60** million people to abandon their homes |
| 17 PARTNERSHIPS FOR THE GOALS | Official Development Assistance was **$135** billion in **2014** |
| THE GLOBAL GOALS For Sustainable Development | **2015 – 2030** **193** nations **7** billion people |

Sustainable Development Goals,by United Nations Department of Economic and social Affairs, copyright 2015. Reprinted with the permission of the United Nations.
More information available here: https://sustainabledevelopment.un.org/

Images, information and resources available through creative commons licence at: http://www.globalgoals.org/

More than 7,000 schools have joined the Global learning programme, which is supported by the UK Government. You can register your school to get access to funding, resources and other support at www.glp.e.org.uk
The Royal Geographical Society (with IBG) provides a range of online resources, CPD, pupil study days, Geography Ambassadors presentations and membership opportunities for teachers, their departments and students.
For more information please see www.rgs.org/schools and for more resources global development go to www.rgs.org/glp

@RGS_IBGschools @glp_e

नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# सहकारी विभाग

## कोपोमिस (COPOMIS) प्रयोगसम्बन्धी अत्यन्त जरुरी सूचना

सहकारी संघ संस्थाहरूको प्रवर्द्धन तथा नियमनमा प्रभावकारिता ल्याउन एवं सहकारी क्षेत्रको एकीकृत तथ्याङ्कीय आधार सिर्जना गर्न स्थानीयदेखि राष्ट्रिय स्तरसम्म इन्टरनेटमा आधारित एकीकृत विद्युतीय सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (**Co-operative and Poverty related Management Information System-COPOMIS**)सञ्चालनमा ल्याइएको व्यहोरा सरोकारवाला सबैमा विदितै छ । विभागको मिति २०७५/०६/११ को पत्र मार्फत सबै स्थानीय तहलाई र सो अगावै सबै प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमा युजर नेम र पासवर्ड पठाइ सकिएको छ । सबै सहकारी संघ संस्थाहरूले उक्त प्रणाली अनिवार्य रूपमा प्रयोग गर्नुपर्ने भएकोले नियमन क्षेत्राधिकार बमोजिम सम्बन्धित प्रदेशको मन्त्रालय वा स्थानीय तहबाट युजर नेम र पासवर्ड यथाशीघ्र प्राप्त गरी आधारभूत तथ्याङ्क तथा विवरणहरू प्रविष्ट गर्न, नियामक निकायमा पठाउनु पर्ने विवरण तथा प्रतिवेदनहरू सोही प्रणालीमार्फत पठाउने कार्य आरम्भ गर्न र नियमित रूपमा आफ्ना विवरण अद्यावधिक गर्न समेत जानकारी गराइन्छ । यस विभागको नियमन क्षेत्राधिकारभित्रका सहकारी संघ संस्थाहरूले विभागबाट पठाइएको युजर नेम र पासवर्ड बमोजिम उल्लेखित कार्य गर्न जानकारी गराइन्छ । कोपोमिस प्रयोगको विषयलाई नियामक निकायबाट प्रवाह हुने सेवासँग आवद्ध गर्न सकिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ । यस सम्बन्धमा कुनै द्विविधा भएमा विभागको वेबसाइट **www.deoc.gov.np** मा **COPOMIS User Manual** बाट हेर्न, टेलिफोन ४४६५३६२, ४४६११७७ वा इमेल **sahakaribivag@gmail.com** मार्फत बुझ्न वा सिधै सम्पर्क गरी आवश्यक सहयोग प्राप्त गर्न सकिने व्यहोरा समेत जानकारी गराइन्छ ।